# लेखापरीक्षण प्रतिवेदन

# त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/153

श्रीमान् प्रमुखज्यू,

त्रिपुरासुन्दरी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, डोल्पा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/153

श्रीमान् प्रमुखज्यू,

त्रिपुरासुन्दरी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

डोल्पा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस २०८१।०८२ आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्त मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ नगरपालिकाको रु. १ अर्ब ८ करोड २४ लाख ८८ हजार लेखापरीक्षण गरिएकोमा लेखापरीक्षणबाट रु. २ करोड ९३ लाख २० हजार बेरुजु देखिएको छ। प्रतिक्रियाबाट रु.२ लाख ८६ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. ३७ लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९७ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.८२ लाख ८४ हजार र पेश्की बाँकी रु.७२ लाख गरी जम्मा रु.२ करोड ९० लाख ३४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.२७ करोड ३४ लाख ९७ हजार मध्ये रु.२ लाख १८ हजार फर्स्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.३० करोड २३ लाख १३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।


२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८१ | १६४ | २,९३,२०,८०८ | ० | १ | २,८६,४२२ | ० | ८१ | १६३ | २,९०,३४,३८६ | ३७,७७,७८१ | ८२,८३,९४३ | ९७,७२,२६२ | ० | ० | १,८०,५६,२०५ | ७२,००,४०० |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | २७,३४,९७,९२२ | | २,१८,६४३ | २७,३२,७९,२७९ | ० | २,९०,३४,३८६ | ३०,२३,१३,६६५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट फस्यौट** | | | | |
| १ | २०८१/८२ | ९९.२ | सुरक्षित नागरिक आवास कार्यक्रम | २,८६,४२२ |
| **गत विगतको सम्परीक्षण** | | | | |
| २ | २०८०/८१ | विभिन्न | पेश्की बाँकी | ८०,००० |
| ३ | २०८०/८१ | विभिन्न | पुँजीगत शिर्षक | ४७,३४८ |
| ४ | | विभिन्न | म्यानुअल सम्परीक्षण | ९१,२९५ |
| कुल जम्मा | | | | ५,०५,०६५ |

# त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

# ( ८०६६१४०२३०० )

# त्रिपुरासुन्दरी नगरपालिका , डोल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडारहेको छ भने क्षेत्रफल ३९३.४५ वर्ग किलोमिटर तथा १२,२३३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।२९ देखि २०८२।०५।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय - व्ययतर्फ रु. १ अर्ब ८ करोड २४ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८२,२२७।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | प्रदिप बाबु ढकालको खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | ६६७५ |
| २ | मिना रोकायाको खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | ६६७५ |
| ३ | हिरालाल के.सी. खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | ६६७५ |
| ४ | निशा बुढा खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | ६६७५ |
| ५ | रमेश बहादुर रावत खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | ६६७५ |
| ६ | दपेन्द्र ऐ.डी खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | ४८७५ |
| ७ | हिराचन्द्र धरालाको भ्रमण अवधिको स्थानीय भत्ता वापतको रकम मिति २०८२।५।२० मा दाखिला भएको प्रमाण पेश भएको । | २०४०० |
| ८ | हेमन्त शाहीको खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिाला भएको प्रमाण पेश भएको । | ७४७५ |
| ९ | अमृत कुमार बुढाको खाजा भत्ता र बैठक भत्ताको बढी भुक्तानी रकम मिति २०८२।५।१८ मा दाखिला भएको प्रमाण पेश भएको । | १६१०२ |
| | **जम्मा** | **८२,२२७** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारलेनिर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाअवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमकोढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदनगर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीकोएकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१

| प्राप्तितर्फ | | | भुक्तानीतर्फ | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **१. सुरु मौज्दात** | | **७३,६९,६२७.०८** | **१. चालु खर्च** | | **३२९२५७३८६.९३** |
| क. संचित कोष | १२,६४,३५६.८१ | | क. पालिका तर्फ | १२२७८७६५०.१५ | |
| ख. धरौटी | २०७६५८०.६५ | | ख. संघीय सशर्त | २०४१३९६६४.७८ | |
| ग. कार्यसञ्चालन कोष | ४०२८६८९.६२ | | ग. संघीय विशेष | ० | |
| घ. अन्य कोष | ० | | घ. प्रदेश सशर्त | २३३००७२. | |
| **यस वर्षको आय** | | | ङ. प्रदेश विशेष | ० | |
| **२.आन्तरिक आय** | ३०१३८३६.०४ | **३०१३८३६.०४** | **२. पुँजीगत खर्च** | | **१५,०९,२०,७४५.७८** |
| **३. वित्तीय हस्तान्तरण (संघ)** | | **४३,४७,६४,०५१.०२** | क. पालिका तर्फ | ४,१८,०२,७९८.२६ | |
| क) समानीकरण अनुदान | ७,७९,०४,२४०.०० | | ख. संघीय सशर्त | ६२१६१५४०. | |
| ख) राजस्व बाँडफाँट | ७६०१४६८८.७२ | | ग. संघीय विशेष | १३७६५१७९.५२ | |
| ग) सशर्त अनुदान | २६६३०१२०४.७८ | | घ. संघीय समपुरक | ७७८७३८ | |
| घ) समपुरक अनुदान | ७,७८,७३८.०० | | ङ. प्रदेश सशर्त | ३२४१२४९०. | |
| ङ) विशेष अनुदान | १,३७,६५,१७९.५२ | | च. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | ० | | छ. प्रदेश समपुरक | ० | |
| छ) अन्य | ० | | **३. अन्तर सरकारी अख्तियारी (संघ)** | | **५५५७५९९२.** |
| **४. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **४,४८,७७,३९०.५६** | क) सामाजिक सुरक्षा | ४७९७०९९२. | |
| क) समानीकरण | ९२,८६,०००.०० | | ख) गरिबसँग विशेश्वर कार्यक्रम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुदान | | | | | |
| ख) राजस्व बाँडफाँट | ८,४८,८२८.५६ | | ग) घरेलु तथा साना उध्योगप्रवर्दन केन्द्र | ९०५००० | |
| ग) सशर्त अनुदान | ३४७४२५६२. | | घ) विध्यालय क्षेत्र योजनाकेन्द्र | ७०००००. | |
| घ) समपुरक अनुदान | ० | | ङ) उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरणकार्यक्रम | ६०००००० | |
| **५. अन्तर सरकारी अख्तियारी (संघ)** | | **५५५७५९९२.** | **४. अन्तर सरकारी अख्तियारी (प्रदेश) घाइते अपाङ्ग शहिद स्मृतीकार्यक्रम** | १८९६०००. | **१८९६०००.** |
| क) सामाजिक सुरक्षा | ४७९७०९९२. | | क) धरौटी फिर्ता तथा सदर स्याहा | ४६०४१७.० | ४६०४१७.० |
| ख) गरिबसँग विशेश्वर कार्यक्रम | ० | | ख) कार्यसञ्चालन कोषबाट भएको खर्च | ३८४८२७५. | **३८४८२७५.** |
| ग) घरेलुतथा साना उध्योग प्रवर्दन केन्द्र | ९०५००० | | ग) अन्य कोषबाट भएको खर्च | | |
| घ) विध्यालय क्षेत्र योजना केन्द्र | ७०००००. | | **५ . अन्तिम मौज्दात** | | **५९४०१६३.९९** |
| ङ) उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथाआर्थिक सशक्तिकरण कार्यक्रम | ६०००००० | | क. संचित कोषको मौज्दात | ३७५४६५३.७२ | |
| **६. अन्तर सरकारी अख्तियारी (प्रदेश) घाइते अपाङ्गशहिद स्मृती कार्यक्रम** | १८९६०००. | **१८९६०००.** | ख. धरौटी | १९६९०९५.६५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **७. धरौटी आय** | ३५२९३२.० | ३५२९३२.० | ग. कार्यसञ्चालन कोष | २१६४१४.६२ | |
| **८. कार्यसञ्चालन कोष आय** | ०. | **०.** | घ. अन्यकोष | ० | |
| **९. कट्टी दाखिला आम्दानी बाँध्न बाँकी** | ४९१५२.० | **४९१५२.०** | | | |
| **जम्मा** | **५४,७८,९८,९८०.७** | **५४,७८,९८,९८०.७** | **जम्मा** | **५४,७८,९८,९८०.७** | **५४७८९८९८०.७** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणाली लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४,७९,७०,९९२, विद्यालय क्षेत्र योजनाको रु.७,००,०००, उच्च पहाडी एवम् हिमाली स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम रु.६०,००,००० र घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र रु. ९,०५,००० समेत गरी रु.५,५५,७५,९९२ सुत्रमा लेखाङ्कन गरेको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरणमा सबै कारोवार समेटी यथार्थ आर्थिक अवस्थाको चित्रण गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.५७८२४९२३.९८, यस वर्षको भुक्तानी रु.६१७८०६८२.० र बैङ्क मौज्दात रु.४९१५२.० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **७३६९६२७.०८** | **४८२६५५२७७.६२** | **४८०१७८१३२.७१** | **५८९१०११.९९** |
| एकीकृत आर्थिक विवरणअनुसार | **७३६९६२७.०८** | ५४०४८०२०१.६ | ५४१९५८८१६.७१ | ५९४०१६३.९९ |
| फरक | ०.०० | ५७८२४९२३.९८ | ६१७८०६८४.० | ४९१५२.०० |

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको एकीकृत वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०) अनुसार रु.४१०४४२७.० मौज्दात रहेकोमा यो वर्ष रु.७३६९६२७.०८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३२६५२००।० बढी जिम्मेवारी सारेको सम्बन्धमा कारण यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३७५४६५३.७२ | ३७५४६५३.७२ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | २१६४१४.६२ | २१६४१४.६२ | ० |
| स्थानीय तह धरौटी खाता | १९६९०९५.६५ | १९६९०९५.६५ | ० |
| जम्मा | ५९४०१६३.९९ | ५९४०१६३.९९ | ० |

२.६ **कर दायित्व** – पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४९१५२।० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,१५२ |

२.७ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू.४१७४०७४०।२२ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी फिर्ता गर्नु पर्ने देखिएकोमा सोहि रकम सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** | **फिर्ता मिती** |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३०४०३२०००.० | २६६३०१२०४.७८ | ३७७३०७९५.२२ | २०८२।०३।२८ |
| | विषेश | १३७८९६८६.५२ | १३७६५१७९.५२ | २४५०७.० | २०८२।०३।२८ |
| | समपुरक | ७७८७३८.० | ७७८७३८.० | | |
| **प्रदेश सरकार** | शसर्त | ३८७२८०००.० | ३४७४२५६२.० | ३९८५४३८.० | २०८२।०३।२८ |
| | विषेश | ०० | | ० | |
| | समपुरक | ० | | ० | |
| | **जम्मा** | **३५७३२८४२४.५०** | **३१५५८७६८४.३०** | **४१७४०७४०.२२** | |

## ३ बजेट तथा कार्यक्रम

३.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति

२०८१।०३।१० मा रु. ५५ करोड ५८ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८१।०३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३.२ **बजेट सीमा निर्धारण समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्दछ ।

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

३.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२८६४००० | १८५१२६३१ | ८०.९७ |
| २ | पूर्वाधार विकास | १५९७८३५०० | ११८००२४४२ | ७३.८४ |
| ३ | सामाजिक विकास | १९९१०६३४० | १८३१९५७०० | ९२.०१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २१६३८२३६ | १८६३३१९९ | ८६.११ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १५२४३७५०८ | १४१८३४१६१ | ९३.०४ |
| ६ | **जम्मा** | ५५५८२९५८४ | ४८०१७८१३३ | ८६.३८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३५.८२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ३.८९ प्रतिशत रहेको छ ।

३.५ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ८२ | १० | १ | ० | ७१ |

३.६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५०९२०७४५ | ८४७७६५२ | ४४७४०१२५ | ११२८७०५० | ८६४१५९१९ | ६७४६२१४८ |
| प्रतिशत | १०० | ५.६२ | २९.६४ | ७.४८ | ५७.२६ | ४४.७० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १५०९२०७४५ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८४७७६५२ (५.६२प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४४७४०१२५ (२९.६४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ११२८७०५० (७.४८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८६४१५९१९ (५७.२६प्रतिशत)खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ६७४६२१४८(४४.७० प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको भुक्तानी बढी देखिएकाले त्रैमासिक रुपमा खर्च व्यवस्थापन गरेको छैन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३.७ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यपालिकाको निर्णय बमोजिम ५१ कार्यक्रम घटाई ८८ कार्यक्रममा बढाएर बिभिन्न शीर्षकमा कुल रु.३,८३,०२,०२९ रकमान्तर गरी अधिकांश शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा रकमान्तर गर्ने प्रावधान नराखी एक शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेकोमा कानुनी प्राबधानको पालना गरेरमात्र रकमान्तर गर्नुपर्दछ ।

| क्र.स. | स्वीकृत आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिजिटल वोर्ड तथा स्मार्ट वोर्ड खरिद तथा जडान | १,७०,००० | श्री आदिवासी जनजाति विकास सेवा समिति संस्था | १,७०,००० | |
| २ | मेयरसँग जनता कार्यक्रम | २,६०,३०२ | सिम सिंचाई कुलो मर्मत | २,६०,३०२ | |
| ३ | पदाधिकारी सेवासुविधा | २,१२,००० | सवारी साधन गाडी भाडा | २,१२,००० | |
| ४ | एकिकृत घुम्ति शिवीर संचालन | ३,००,००० | स्मार्ट रोड सफ्टवयर | ३,००,००० | |

३.८ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१,००,००,००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न २५ योजनामा रु. १,००,००,००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता

कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | सामुदायिक विद्यालय फर्निचर खरिद | २३००००० |
| २. | प्रधानमन्त्री रोजगार कार्यक्रमसँग म्याचिङ | २०००००० |
| ३. | औषधी खरिद | १०००००० |
| ४. | डिपीआर | १२००००० |
| ५. | सडक वोर्ड म्याचिङ | ५००००० |

## ४ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३०१३८३६राजस्व बाँडफाँड र अनुदानबाट रु. ५२१३८२१८१ समेत रु. ५२४३९६०१८ आम्दानी भएकोमा चालु तर्फ रु. ३२९२५७३८६ र पूँजिगत तर्फ रु. १५०९२०७४५ समेत रु. ४८०१७८१३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ९०३११५१ खर्च भएको छ जुन आन्तरिक आयको २९९.६५ प्रतिशत रहेको छ ।यसमा पदाधिकारी खर्च आन्तरिक आयको तुलनामा अत्यधिक बढी देखिएको हुँदा आन्तरिक आयसँग मध्यनजर गरी पदाधिकारी सुविधा व्यवस्थापन गर्नुपर्दछ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.५७ प्रतिशत चालु र ३१.४३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ५ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। गत विगत वर्षको दायित्वको भुक्तानी दिन वाँकीको विवरण बजेट किताबमा नै समावेश गरी सभावाट स्वीकृत गरेको आधारमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी यस वर्ष आर्थिक वर्ष २०७७।७८, २०७९।८०, २०८०।८१ को दायित्व रु.७५००००००।० र आर्थिक वर्ष २०८०।८१ को पदाधिकारीको सेवा सुविधा र कर्मचारीको तलब रु.७५००००००।० समेत रु.१५००००००।० यस वर्ष भुक्तानी गरेको छ । यसरी नियमानुसार पुँजीगत खर्चको लागि मात्र विशेष कारणवस भुक्तानी दिन बाँकीको विवरण बजेटमा समावेश गरी कच्चावारी समेत प्रमाणित गरी भुक्तानी दिने व्यवस्था हुनुपर्दछ । सम्बन्धित आर्थिक वर्षमा बजेटले नखाम्ने गरी खर्च गर्न नहुनेमा खर्च गरेको तथा त्यस्तो खर्च रकम आगामी वर्षमा कच्चावारी प्रमाणित गराइ भुक्तानी दिनुपर्नेमा सो नगरी २/३ वर्ष पश्चात सभावाट बजेट नै विनियोजन गरी खर्च लेख्नु उचित देखिएन । अतः यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ८२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ५९ | ३१ | १२ | १६ |
| २ | वडास्तरीय | २३ | ० | ४ | १९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कायम गर्न नसक्ने अवस्था आउछ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७२ योजनामात्र कार्यान्वियन भई ९ योजना कार्यान्वियन भएपनि भुक्तानी नभएको र १ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको ,

· बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा नल्याएको ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी नरहेको,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण नगरेको,

· वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा नतोकेको,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता नराखेको,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना नभएको,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था नगरेको,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु नगरेको,

· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन नगरेको,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन नगरेको,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस नगरेको,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार नगरेको,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा आएको पाइएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,

· दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए नगरेको,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा नराखेको,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस आर्थिक वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वियन भएको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी सोको कार्यान्वियन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५,०९,२०,७४५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि ४१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियरनवौ।दशौँ, शिक्षा नवौ।दशौँ लगायत ११ पदहरु रिक्त रहेका छन् ।

११ **तलवी प्रतिवेदन**

कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४३(२) मा सम्बन्धित प्रदेश लेखा इकाईबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २४ जना कर्मचारीको रु.१७५६५०१८।० र पालिकाका ३५ जना कर्मचारीको रु.२६९५९४६६।० समेत रु.४४५२४४८४।० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१२ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक पब्लिक हेल्थ नर्स, प्राविधक सहायक लगायत ३८ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १४४३८०९६ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था अनुसार मात्र कर्मचारी नियुक्त गरी पालिकाको प्रशासनिक खर्चमा मितव्यायिता ल्याउनुपर्दछ ।

१३ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका १० वडाहरुबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध भएन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्दै पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याई सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | जन्मदर्ता | ९७९ |
| २ | मृत्युदर्ता | २११ |
| ३ | बसाईसराई दर्ता | २३ |
| ४ | विवाह दर्ता | २३१ |

## १४ विविध तथा सभा संञ्चालन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु.१६९७४७९ खर्च गरेको र सभा सञ्चालनतर्फ रु.१०००००० छ। उक्त खर्च पालिकाको आन्तरिक आय को ८९.५० प्रतिशत हुन आउँछ। प्रशासनिक खर्च बढी हुद पालिकाको पूँजीगत खर्चमा असर पर्ने देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

## १५ अतिथि सत्कार खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु. १० लाख खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको ३३.१८ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

## १६ इन्धन तथा मर्मत खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन (JCB-१, १ एम्बुलेन्स, वडा तथा पालिकाका सम्पूर्ण मोटरसाइकल समेत) मर्मतमा यस वर्ष रु.९८९७९६ र इन्धनमा रु.२५००००० खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने व्यवस्थित अभिलेख राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

**यसमा तीन वर्षको इन्धन तथा मर्मत खर्चको अवस्था देहायनुसार विश्लेषण**

| आर्थिक वर्ष | इन्धन | | मर्मत | |
|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च |
| २०७९।८० | २५००००० | २५००००० | १०००००० | ९८७३१० |
| २०८०।८१ | २५००००० | २२६७००० | १०००००० | ९३७६०० |
| २०८१।८२ | २५००००० | २५००००० | १०००००० | ९८९७९६ |

यसरी तिनै आर्थिक वर्षमा इन्धन र मर्मत खर्च उस्तै उस्तै देखिन्छ । इन्धन र मर्मत खर्चमा पालिकाले मितव्ययिता अपनाउन ध्यान दिनुपर्दछ ।

## १७ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको डोजर आर्थिक वर्ष २०७८।७९ मा विग्रेर हालसम्म संचालनमा आएको छैन । यसरी विग्रेर पुन प्रयोगमा आउने अवस्था नभएको स्थितिमा रहेका पालिकाका सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०७५।१।२४ | १ | ७२२५००० | डोजर विग्रेको |

## १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १९ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.३६७००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३०१३८३६को १२.१७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## २० जिन्सी निरीक्षण तथा व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रक कार्यालय सम्पत्ती तथा जिन्सी मालसामानको अभिलेख अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले यस वर्ष नियमावली बमोजिम जिन्सी निरीक्षण गरेको छैन ।

· गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको पाइएन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुका साथै सम्पत्ती तथा जिन्सी मालसामानको पूर्ण अभिलेख सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ ।

## २१ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस आ.व. मा १ पटक भएको देखियो।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## २२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ३४ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको

प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ ऐन, ४ नियमावली, २कार्यविधि, १ निर्देशिका लगायत २६ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले २६ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको भएपनि यसको कार्यान्वयन प्रभावकारी रुपमा रहेको पाइएन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यस वर्ष दर्ता भएका १७ मध्ये ३ वटा अदालतमा दायर भएको र १० वटा फर्स्यौट भइ ४ बाँकी रहेको छ । मुद्दा दर्ता भएमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.२५५२१०३ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको नदेखिएकोले यस्ता सफ्वेयर स्वीकृति लिएर मात्र प्रयोग गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरकोनाम | खरिदमिति | कम्पनी | खरिदमुल्य | खरिदआ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | VIMS | 2081.03.05 | - | 497200 | 2078।079 | Pams register date. running |
| २ | ESAS | 2081.03.04 | - | 496070 | 2078।079 | Pams register date. Running |
| ३ | SGNSS SURVEYOR | 2081.03.20 | - | 129950 | 2078।079 | Pams register date. Running |
| ४ | MIS | - | Debugsoft Pvt.Ltd | 883000 | 2079।080 | Pams register date. Running |
| ५ | न्यायिक समिति व्यवस्थापन प्रणाली | - | Jaruwa Creation for Creativity | 436283 | 2079।080 | Pams register date. Running |
| ६ | Digital Citizen Charter | 2082.03.22 | Disha Engineering Pvt. Ltd. | 109600 | 2081।82 | Paritially functional |
| ७ | Smart Road Software | 2081.6.20 | स्मार्ट टेक सोलुशन प्रा.ली. | 300000 | 2081.82 | Paritially functional |

२६ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले अनुसुचिमा उल्लेखित कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई विगत वर्षको समेत हालसम्म रु.२३२८९१४५।०बाँकी रहेको देखिन्छ । सो मध्ये अनुसुचिमा समोवश भएको म्याद नाघेको यस वर्षको पेश्की रु.७२००४००।० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ७२,००,४०० |

२८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७२६९४९९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३०१३८३६अर्थात अनुमान भन्दा ५८.५४ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८०८४५१२२.३ | ३०१३८३६ | १.०७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ३, ५० , ०००.०० | १, १७ , ६८०.०० |
| २ | ११३१४ - भुमिकर/मालपोत | ५, ३७ , ०१७.७२ | ५, ५६ , ३६०.३४ |
| ३ | ११३१७ - वहाल कर | ८, ०० , ०००.०० | २, ४१ , ६५०.०० |
| ४ | ११४५१ - सवारी साधन कर (साना सवारी) | १, ७० , ०००.०० | ६,८००.०० |
| ५ | ११४७९ - अन्य मनोरञ्जन कर | ३२,५००.०० | २०,०००.०० |
| ६ | ११६३१ – कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १, २८ , ०००.०० | ९५,४००.०० |
| ७ | ११६९१ - अन्य कर | ५५,०००.०० | २०,७००.०० |
| ८ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १३, ७४ , ९९९.१९ | २४,६००.०० |
| ९ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ५,०००.०० | ३,३२०.०० |
| १० | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५, ५० , ०००.०० | ६१,५००.०० |
| ११ | १४२२१ - न्यायिक दस्तूर | ५०,०००.०० | ८,६२०.०० |
| १२ | १४२२४ - परीक्षा शुल्क | १, १५ , ०००.०० | १७,५००.०० |
| १३ | १४२२५ - यातायात क्षेत्रको आम्दानी | ५०,०००.०० | ४८,३००.०० |
| १४ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ४, ०० , ०००.०० | ३, ७७ , ८७५.०० |
| १५ | १४२४१ - पार्किङ्ग शुल्क | ३८,०९०.०० | ३९,४४०.०० |
| १६ | १४२४२ - नक्सापास दस्तुर | ५, २२ , ५००.०० | १७,५५८.२० |
| १७ | १४२४३ - सिफारिश दस्तुर | ७, ७६ , ०००.०० | ४, ६५ , ४००.०० |
| १८ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १, ३८ , ६५०.०० | १, ४१ , ७००.०० |
| १९ | १४२४५ - नाता प्रमाणित दस्तुर | २, ०० , ०००.०० | १२,७५०.०० |
| २० | १४२४९ - अन्य दस्तुर | १, ५० , ०००.०० | १, ५५ , ८५०.०० |
| २१ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४, ४१ , ७४२.२८ | २, ६८ , ३३७.५० |
| २२ | १४३१३ - धरौटी सदरस्याहा | २०,०००.०० | १५,०००.०० |
| २३ | १४५२९ - अन्य राजस्व | १५,०००.०० | ९,५००.०० |
| २४ | १४६११ - व्यवसाय कर | २, ५० , ०००.०० | २, ३४ , ५७५.०० |
| २५ | १५१११ - बेरूजू | १, ०० , ०००.०० | ५३,४००.०० |
| जम्मा | | ७२६९४९९.१९ | ३०१३८३६.०४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३१ **बक्यौता असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष पालिकाले ५ बटा भलिबल र १ ब्याडम्यान्टिन टिमबाट दर्ता शुल्क असुल गरेको देखिदैन ।समयमानै दर्ता शुल्क नउठाएको उक्त रकम देहायका व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| सिनं | व्याक्तिको नाम | रसिद नं | रकम |
|---|---|---|---|
| १ | डिल्ली बहादुर शाही | १२०६७ | २००० |
| २ | टंक बहादुर थापा | १२०७३ | १०००० |
| ३ | दिपेन्द्र बहादुर चलाउने | १२०७५ | १०००० |
| ४ | टंक बहादुर थापा | १२०७९ | १०००० |
| ५ | चन्द्र रुप डसाल | १२०८० | १०००० |
| ६ | रन्जित बुढा | १२०८२ | १०००० |
| | जम्मा | | ५२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,००० |

## ३२ तीन वर्षको आन्तरिक आयको अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. २०७९/८०को | असुली प्रतिशत | आ.व. | असुली प्रतिशत | आ.व. २०८१/८२को | |
|---|---|---|---|---|---|
| आय अनुमान | | २०८०/८१को | | आय अनुमान | असुली प्रतिशत |
| | | आय अनुमान | | | |
| २५७९९७६५ | १२४३७५८६ | ८९४६३६१ | ६९४५७६३ | ७२६९४९९ | ३०१३८३६ |
| असुली प्रतिशत | ४८.२१ | असुली प्रतिशत | ७७.६४ | असुली प्रतिशत | ४१.४६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७९/८० को आय अनुमान २५७९९७६५ मा १२४३७५८६ अर्थात ४८.२१ प्रतिशत असुली भएको, आ.व. २०८०/८१ को

आय अनुमान ८९४६३६१ मा ६९४५७६३ अर्थात ७७.६४ प्रतिशत असुली भएको र आ.व. २०८१/८२ को आय अनुमान ७२६९४९९ मा ३०१३८३६ अर्थात ४१.४६ प्रतिशत असुली भएको देखिन्छ । यसमा डोजरबाट हुने आम्दानी ह्रास हुँदा आन्तरिक आय घट्दो क्रममा देखिन्छ ।आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई यथार्थ अनुमान गरी सोही अनुरुप असुलीमा जोड दिनुपर्दछ ।

## ३३ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्दछ ।

## ३४ व्यवसायीक कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,६८,३३७.५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ दफा (३९) ५ मा सरकारी रकमको खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख । पालिकाले तालिम प्रदान गर्न श्री बुद्दि पल्लब जोशीसंग सम्झैता गरी पारिश्रमिक र यातायात खर्च भुक्तानी गरेको देखिन्छ । सम्झौता भन्दा बढी भएको भूक्तानी रकम पेश्की फर्छौट गर्ने काली बहादुर बुढाबाट असुल गर्नुपर्ने रु

| सि.नं. | भौ.नं. र मिति | विवरण | सम्झौता अनुसारहुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | २३१।२०८१।१२।१९ | तालिम | ४४६०० | ५२००६ | ७४०६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,४०६ |

३६ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा रहेर गर्नुपर्दछ र खर्च गर्न बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शीर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शीर्षकबाट खर्च लेखि भुक्तानी गरेको देखिएकाले यसरी नियम विपरित खर्च लेखी भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु

| क्रस | भौ नं मिति | विनियोजन शीर्षक।कार्यक्रम | खर्च शीर्षक | रकम |
|---|---|---|---|---|
| १ | ५६५।२०८२।०३।१५ | रैथाने बालि प्रबर्द्धन कार्यक्रम ( २५३१५ ) | अनुगमन तथा भ्रमण ( २२५१२ ) | ७५,००० |
| २ | ७१।२०८०।११।२२ | किसान सूचिकरण कार्यक्रम ( २२५२२ ) | नयाँ तरकारी पकेट विकास | १४,०४० |
| | | | (२५३१५) | |
| ३ | ५४८।२०८२।०३।२३ | मातृत्व सुरक्षा कार्यक्रम | भ्रमण खर्च ( २२५१२ ) | ३९,१०० |
| ४ | ५४९।२०८२।०३।२३ | कृषि, पशु तथा मत्स्य तथ्याङ्क ( २२५२२ ) | अनुगमन तथा भ्रमण खर्च ( २२५१२ ) | ६०,००० |
| ५ | ५५५।२०८२।०३।२४ | बहुक्षेत्रिय पोषण कार्यक्रम र | अनुगमन तथा भ्रमण खर्च ( २२५१२ ) | ८,३९५ |
| ६ | २५९।२०८१।१२।१७ | रोजगार सहयोग मसलान्द खर्च | अनुगमन तथा भ्रमण खर्च ( २२५१२ ) | १९,००० |
| ७ | २८।२०८१।०८।१२ | औषधि ढुवानी शीर्षक | कार्यालय सामग्रि | ४,००० |
| ८ | ४५।२०८१।०९।०४ | स्वास्थ्य शाखा मसलान्द | अनुगमन तथा भ्रमण खर्च ( २२५१२ ) | २९,००० |
| ९ | ६३३।२०८१।१२।२६ | कार्यालय खाजा | अन्तराष्ट्रिय नारी दिवस | १, ४५ , ९७५ |
| १० | ६३३।२०८१।१२।२६ | नगर समन्वय समिति दिवस | अन्तराष्ट्रिय नारी दिवस | १०,००० |
| ११ | ६३३।२०८१।१२।२६ | जेष्ठ नागरिक दिवस | अन्तराष्ट्रिय नारी दिवस | १०,००० |
| १२ | ६३३।२०८१।१२।२६ | अनुगमन | अन्तराष्ट्रिय नारी दिवस | २५,००० |
| १३ | ६३३।२०८१।१२।२६ | विविध खर्च | अन्तराष्ट्रिय नारी दिवस | ५५,००० |
| १४ | ११००।२०८२।०३।२५ | इन्टरनेट सेवा शुल्क | विविध खाजा खर्च | १, १० , ००० |
| १५ | २५९।२०८१।१२।१७ | मसलान्द खर्च | भ्रमण भत्ता | १९,००० |
| | | | जम्मा | ३६७,५३५ |

| | |
|---|---|
| अनियमित भएको | ३,६७,५३५ |

३७ **विद्यालयगत निकासा अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा खाता अद्यावधिक राख्नु पर्दछ।

३८ **विद्यालयगत निकासा अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा खाता अद्यावधिक राख्नु पर्दछ।

३९ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखापरीक्षण बापत माध्यमिक तहका विद्यालयलाई वार्षिक रु १५,००० र आधारभूत विद्यालयलाई वार्षिक रु १०,००० अनुदान दिने व्यवस्था छ । साथै विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले पालिका भित्रका ६ माध्यमिक र २३ आधारभूत विद्यालयलाई आर्थिक वर्ष २०८१।८२ मा रु ३२,००,००।०० अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक परीक्षण गराएको देखिएन ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदान रकम विद्यालयले आम्दानी जनाए नजनाएको विषयमा यकिन हुन सकिएन । सामुदायिक विद्यालयले पालिकाको अन्तिम लेखापरीक्षण हुनुभन्दा पहिले नै आर्थिक लेखापरीक्षण गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

४० **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गतको गतवर्ष २०० थान खरिद गरेकोमा ५४ थान मौज्दात रही आएको २०० थानको रु. १८८१९२ र यस वर्ष १९३ थानको रु.१९०४१४ खरिद गरेकोमा गत वर्ष १४६ जना र यस वर्ष १४० जना गरी २८६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १०७ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४१ **शैक्षिक गुणस्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन पालिकासँग रहेको पाइएन। गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४२ **बैठक भत्ता**

कार्यसंचालन निर्देशिका, २०८१ को बुदाँ नं ४५ मा बैठकको आवश्यकता र औचित्यताका विषयमा स्पष्ट भइ बैठक कार्यालय समय भन्दा अघि पछि हुनुपर्ने साथै एउटै निकाय अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठमा भत्ता प्रदान नगर्ने विषय उल्लेख छ । पालिकाले श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम गर्दा जनप्रतिनिधि र कर्मचारीहरु कार्यालय समयमा बैठक बसि भत्ता लिएको देखिन्छ । यसरी मापदण्ड विपरित भुक्तानी भएको रकम सम्वन्धित बाट असुल गर्नुपर्ने रु

| सि.नं | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | अनिता खत्री | १२७५ |
| ३ | करुढा कुमारी बुढा | १२७५ |
| ४ | काली बहादुर बुढा | १२७५ |
| ५ | गोपाल सार्की | १२७५ |
| ६ | चन्द्र शिखर ओली | १२७५ |
| ७ | चन्द्र रुप डसाल | १२७५ |
| ८ | जनचन्द्र रोकाया | १२७५ |
| ९ | जाय बहादुर विष्ट | १२७५ |
| १० | जाय प्रकाश साहा | १२७५ |
| ११ | टंक बहादुर थापा | १२७५ |
| १२ | थानेश्वर पनेरु | १२७५ |
| १४ | देवेन्द्र चलाउने | १२७५ |
| १५ | दिर्घ सार्की | १२७५ |
| १६ | धन प्रसाद बुढा | १२७५ |
| १७ | नर बहादुर झक्री | १२७५ |
| १८ | निर्मोद के.सी. | १२७५ |
| २० | पुर्ण बहादुर विष्ट | १२७५ |
| २२ | पुस्पा रावत | १२७५ |
| २३ | भक्त बहादुर के.सी. | १२७५ |
| २४ | भक्तमान नेपाली | १२७५ |
| २५ | भिम बहादुर थापा | १२७५ |
| २६ | मनरुपा वि क | १२७५ |
| २७ | माधव भट्टराई | १२७५ |
| २८ | माया रोकाया | १२७५ |
| ३० | मिम बहादुर शाही | १२७५ |
| ३१ | संञ्जित बुढा | १२७५ |
| ३२ | रत्न कुमारी कार्की | १२७५ |
| ३३ | रुपा कटुवाल | १२७५ |
| ३४ | रमेश चौधरी | १२७५ |
| ३६ | रमेश वि सी | १२७५ |
| | | |

| | | |
|---|---|---|
| ३७ | रामचन्द्र कुलाल | १२७५ |
| ३८ | राहुल कुमार यादव | १२७५ |
| ३९ | लक्ष्मीलाल थापा | १२७५ |
| ४० | ललित प्रसाद गिरी | १२७५ |
| ४१ | विमान रोकाया | १२७५ |
| ४२ | विर बादुर धराला | १२७५ |
| ४३ | सुक बहादुर बुढा | १२७५ |
| ४४ | सुनिता बुढा | १२७५ |
| ४५ | सृजना पुन मगर | १२७५ |
| ४६ | सरीता सिहं | १२७५ |
| ४७ | सिर्जना कुमारी सिंह | १२७५ |
| ४८ | हेमन्त शाही | १२७५ |
| ४९ | हरिचन्द्र विष्ट | १२७५ |
| | **जम्मा** | **५४,८२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,८२५ |

४३ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका विभिन्न फर्मसँग सोझै खरिद विधिबाट रु. २२६६४५४ को औषधि खरिद गरेको देखिन्छ।केहि उदाहरणहरु

| सि.नं | सप्लायर्सको नाम | रकम | बजेट उपशिर्षक |
|---|---|---|---|
| १ | ड्रागन मेडिटेक प्रालि सुर्खेत | ९९८०५० | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद(संघ ससर्त) |
| २ | क्यान्डेला मेडि कन्सर्न काठमाण्डौँ | ३३९१२७ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद(संघ ससर्त) |
| ३ | फिगो मेडिसिन सप्लायर्स | ९२९२७७ | औषधि खरिद |
| ४ | अष्ट विनायक आयुर्वेद मेडिसिन डिष्ट्रिव्युटर्स | ४९९६८० | आयुर्वेद औषधि खरिद |
| | **जम्मा** | **२७६६१३४** | |

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४४ **दिवा खाजा**

कार्याक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदियिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्माका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक र्बको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार

मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र स्थानीय तहले अनुगमनमा जादा अनुगमन निरीक्षणमा खटिएका व्यक्तिले उक्त पुस्तिकामा राय सुझाब उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २९ सामुदायिक विद्यालयहरुलाई दिवा खाजा बापत रु ७९,५१,७०० अनुदान निकासा भएकोमा पालिकाले समय समयमा विद्यालयमा अनुगमन गरी सुझाव दिएको पाइएन । यसवाट विद्यालयले विद्यार्थीहरुलाई गुणस्तरीय दिवा खाजा खुवाएको छ भनि विश्वस्त हुन सकिएन । पालिकाले प्रत्येक विद्यालयमा दिवा खाजाको अनुगमन गरी विद्यालयलाई सुझाव दिनुपर्दछ ।अत: आगामि दिनमा कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ ।

४५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७७१ जना रहेका छन। पालिकाले भुषाल ग्रुप अफ इन्डिष्ट्रिज नेपालगंज बाँकेबाट (कोटेशन) ११२६८ थान स्यानिटरी प्याड रु.९५४९६३ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४६ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस पालिकाले निम्नानुसारका व्याक्तिहरुको समयमानै लगत कट्टा नगरेको कारण सामाजिक सुरक्षा भत्ता रकम भूक्तानी भएको पाइयो ।यसरी बढी भुक्तानी भएको रकम पालिकाले बैंक संग समन्वय गरी राजश्व खातामा जम्मा गर्नुपर्ने रु

| क्र.स | लाभग्राहीको नाम थर | फिर्ता गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | गर्भे बुढा | २,००० | मृत्यु |
| २ | भिमचन्द्र बोहोरा | १७,७३३.३३ | मृत्यु |
| ३ | फुर्वा छिरिङ गुरुङ | ४,६६६.६६ | मृत्यु |
| ४ | सत कटुवाल | २०,३९३.३३ | मृत्यु |
| ५ | जयारुपा बोहोरा | ३,४६६.६६ | मृत्यु |
| ६ | मन बहादुर धरला | ३९९.९९ | मृत्यु |
| ७ | डोली बोहोरा | ७,२०० | मृत्यु |
| ८ | भानुमति बोहोरा | ४,९३३ | मृत्यु |
| ९ | देउकी रोकाया | ६,००० | मृत्यु |
| १० | सम्पति घर्ति | ३२,००० | मृत्यु |
| | जम्मा | **९८,७९३** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,७९२.९७ |

४७ **पाठ्यपुस्तक वितरण**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु २०,६२,६१५। विद्यालयहरुलाई निकासा दिएको छ। विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सम्वन्धमा पालिकाले अनुगमन गरेको देखिएन । साथै पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार पनि गरेको पाइएन । कार्यक्रम कार्यान्वियन पुस्तिकाले व्यवस्था गरेअनुरुप पालिकाले प्रतिवेदन तयार गरिनुपर्दछ ।

४८ **मेयर कप सञ्चालन**

कार्यालयले चौथो मेयर कप कार्यक्रम सञ्चालनमा देहायको रकम खर्च गरेको छ ।

| भौ.नं. | शिर्षक | भुक्तानी लिनेको नाम | खर्च विवरण | रकम |
|---|---|---|---|---|
| १६८-९।१४ | खेलकुद क्षेत्रको विकासका लागि | वसन्ती श्रेष्ठ | खेलाडीको खाना नास्ता खर्च | १६८००० |
| २२४-७।१३ | चौथो मेयर कप | एस.के. स्टेशनरी एण्ड सप्लायर्स | भलिवल, व्याडमिन्टन र्याकेट खरीद | ५०५०० |
| २३०-७।१३ | | हरिचन्द्र हमाल | पुरस्कार वितरण | ७००००० |
| २६१-८।१८ | | वेस्टन हिमालय स्टेशनरी एण्ड बुक्स हाउस | व्याच जर्सी स्टेशनरी खरिद | २३६०५५ |
| २६६-८।१८ | | मन वहादुर रोकाया | खाना खाजा खर्च | १३८२५० |
| २९५-८।२२ | कार्यक्रम खर्च | सुर्य पुन | वडा नं. ८ का खेलाडिका लागि खाना/खाजा खर्च | ५०००० |
| ३६०-९।५ | कार्यक्रम खर्च | फोक्सुण्डो झरना होटल एण्ड रेष्टुरेन्ट | खेलाडीको खाना खर्च खर्च | ९०००० |
| ४०९-९।२४ | कार्यक्रम खर्च | कन्नीरुपा वुढा | खेलाडी खाना खाजा खर्च | ९२००० |
| | | | जम्मा | १५२४८०४ |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च खरिद गरिएको मालसमानको विवरण तथा विल भर्पाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले चौथो मेयर कप कार्यक्रम सञ्चालनमा रु.१५२४८०४।० खर्च गरेको देखिएकोमा उक्त कार्यक्रममा पालिकाले कुन कुन कार्यक्रम सञ्चालन हुने, कस कसको सहभागिता रहने लगाएतको अवस्था देखिने गरी कार्यक्रमको लागत अनुमान तयार नगरेको तथा कार्यक्रम सम्पन्न पश्चात समेत सोही अनुसार एकिकृत प्रतिवेदन तयार गरेको देखिएन । कार्यक्रमको लागि पालिकाबाट बजेट विनियोजन गरी खर्च गरेकोमा वडा कार्यालयबाट समेत वडाका खेलाडी संलग्न हुँदा खर्च भएको भनि विल भर्पाईको आधारमा भुक्तानी गरेको देखियो । अत यस्तो खर्चमा एकद्वार प्रणाली अवलम्बन गर्ने तथा लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गरेर मात्र खर्च लेख्ने परिपाटी अवलम्बन गर्नुपर्दछ ।

४९ **पारिश्रमिक कर** (230-2081-07-13):

आय कर ऐन, २०५८ को दफा ८८ मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको कुनै पनि भाडा सेवाशुल्क वा अन्य कुनै प्रतिफल भुक्तानी गर्दा कुल भुक्तानीको १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चौथो मेयर कप कार्यक्रमको रु.७०००००।० हरिचन्द्र हमाललाई भुक्तानी दिएकोमा निजले मुख्य प्रशिक्षक श्री याम बहादुर घर्तीलाई रु.५४०००।० र सहायक प्रशिक्षक वासिङ्टन घर्तीलाई रु.२००००।० भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी नगरेकोले कर वापतको रकम क्रमशः रु.८१००।० र रु.३०००।० सम्बन्धित प्रशिक्षकबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,१०० |

५० **विगत वर्षको पारिश्रमिक भुक्तानी** (322-2081-09-03):

पालिकाले आ.व. २०८०।८१ को बैशाख जेठ असारको छुट करार सेवा शुल्कको दायित्व शिर्षकबाट २०७८ देखि २०७९ असार मसान्त सम्मको कम पारिश्रमिक सुविधा भाएकोले छुट तलब वापत भनि रमेश वुढालाई रु.९००००।० भुक्तानी गरेको छ । वजेट शिर्षक फरक परेको तथा पारीश्रमिक छुट हुनुको कारण सम्बन्धमा कुनै प्रमाण कागजात संलग्न नगरेको तथा पालिकाबाट पनि कुनै निर्णय

नभएको साथै भुक्तानी बाँकीको कच्चेवारी समेत प्रमाणित नगराई भुक्तानी भएको देखिएकोले गत विगत वर्षमा पारिश्रमिक भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

५१ **खाजा भत्तामा करकट्टी नगरेको**

आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क वा अन्य कुनै प्रतिफल रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ ।यस पालिकामा खाजा भत्ता प्रति कर्मचारी प्रति महिना रु.३००० का दरले आर्थिक वर्ष २०८१।८२ मा रु.९६६०००।० भुक्तानी भएकोमा १५% का दरले रु.१४४९००।० कर कट्टी गर्नुपर्नेमा नगरेको रकम असुल गर्नुपर्ने रु. १४४९००

| कर्मचारीको नाम थर | खाजा भत्ता बुझेको रकम | १५% कर कट्टी गर्नुपर्ने रु |
|---|---|---|
| भिम बहादुर थापा | ३६००० | ५४०० |
| जय प्रकाश साहा साह | ३६००० | ५४०० |
| महादेव राणा | ३६००० | ५४०० |
| नविन प्रसाद ओझा | ३६००० | ५४०० |
| दिपेन्द्र बडुवाल | ३६००० | ५४०० |
| सरीता सिहं | ३०००० | ४५०० |
| विनिता के.सी. | १२००० | १८०० |
| निर्मोद के.सी. | ३६००० | ५४०० |
| राहुल कुमार यादव | ३६००० | ५४०० |
| माधव भट्टराई | ३६००० | ५४०० |
| शान्ती महतारा | १८००० | २७०० |
| सुक बहादुर बढा | ३६००० | ५४०० |
| रमेश चौधरी | ३६००० | ५४०० |
| लक्ष्मीलाल थापा | ३६००० | ५४०० |
| धिरेन्द्र बहादुर नेगी | ३६००० | ५४०० |
| रुप चन्द्र धराला | ३६००० | ५४०० |
| जगत बहादुर रोकाया | ३६००० | ५४०० |
| रुप चन्द्र बढा | ३६००० | ५४०० |
| विश्वरुप वुढा | ३६००० | ५४०० |
| विकास नेपाली | ३६००० | ५४०० |
| अनिता थारू | ३६००० | ५४०० |
| सिर्जना विष्ट | ३६००० | ५४०० |
| भुपेन्द्र रेगामी मगर | ३६००० | ५४०० |
| बाले बोहोरा | ३६००० | ५४०० |
| धनरुपा चलाउने | ३६००० | ५४०० |
| चन्द्र शिखर  ओली | २४००० | ३६०० |
| सन्तोष क्षेत्री | ६००० | ९०० |
| कृष्ण प्रसाद उपाध्याय | १८००० | २७०० |
| मान्निदर बोहोरा | १५००० | २२५० |
| हेमन्त शाही | १५००० | २२५० |
| | | |

| जम्मा | ९६६००० | १४४९०० |
|---|---|---|

| असुल गर्नुपर्ने | १,४४,९०० |
|---|---|

### ५२ सामुदायिक वन

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

### ५३ डोजर भाडा

आर्थिक वर्ष २०८१।२०८२ मा पालिकाले डोजर भाडामा दिइएकोमा यस वर्ष डोजरको संचालनबाट रु. ८६०००/- आय राजस्व दाखिला भएको तथा रु. १८८१९००/- दाखिला हुन बाँकी रहेको देखिन्छ । जस अनुसार डोजर संचालनबाट जम्मा आय रु.१९६७९०० /- भएको छ । तर डोजर संचालनका लागि चालक तथा सह–चालकको तलब, इधन र मर्मत संभारमा यस वर्ष रु.८६३४९०/- खर्च भएको देखियो । यसैले नगरपालिकाबाट संचालित योजनामा संभव भएसम्म नगरपालिका कै डोजर प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तर्फ थप ध्यान दिनुपर्छ । दाखिला गर्न बाँकि राजस्व - पालिकाले आफुसँग रहेको डोजर प्रयोग वापत तोकिए बमोजम भाडा हुने गरी विभिन्न व्यक्ति तथा फर्महरुलाई भाडामा दिएकोमा विभिन्न व्यक्ति तथा फर्मले भाडा रकम दाखिला गरेको पाईएन । यसैले असूल गर्न बाँकि रहेको भाडा देहायका व्यक्ति/फर्मसँग व्याज सहित असूल गरी राजस्व दाखिला गनुपर्ने रु.

| क्र. सं. | व्यक्ति।फर्म | कार्य विवरण | असुल गर्नुपर्ने | आदेश दिने व्यक्ति |
|---|---|---|---|---|
| १ | भिम न्यौपाने | खदाङ्ग रोडको काम | ४३०५०० | मेयर |
| २ | सागर भट्टराइ | छलगाड पक्की पुल | २८४८०० | मेयर |
| ३ | जनक के सी | ब्रेकर लोड गरेको | ८००० | मेयर |
| ४ | कर्ण बुढा | भेरी करिडोर | ३३६०० | मेयर |
| ५ | रामचन्द्र कुलाल | घडेरी सम्ममाएको | २४००० | मेयर |
| ६ | राजिमान सार्की | गल्नी खोला ग्यावीन कार्य | ३२००० | मेयर |
| ७ | अमर बहादुर बस्नेत | फुलचिङ्ग वर्थिङ सेन्टर | १३६००० | |
| ८ | युवराज थकाली | गल्नी खोला ग्यावीन कार्य | ४६००० | मेयर |
| ९ | खिम बहादुर बुढा | करेलीकाँड रोड स्तरोन्नती | ७३५००० | मेयर |
| १० | खम बुढा | पहाडा खोचु खोला | ७२००० | का.वा. मेयर खम बुढा |
| ११ | खम बुढा | पिचरोड | ४०००० | का.वा. मेयर खम बुढा |
| १२ | विष्णु प्रसाद हमाल | घडेरी खोरेको | ३२००० | नगरपालिका |
| १३ | प्रकाश पन्थी | भवनको फाउण्डेशन निर्माण | ८००० | नगरपालिका |
| जम्मा | | | १८८१९०० | |

| असुल गर्नुपर्ने | १८,८१,९०० |
|---|---|

५४ **अन्य कार्यालयको खर्च**

नेपाल सरकारले प्रत्येक मन्त्रालयको कार्यभार, दरबन्दी तथा कार्य प्रकृति अनुसार बजेट विनियोजन गरी खर्चको अख्तियारी समेत प्रदान गरेको हुन्छ। साथै एक कार्यालयले अर्को कार्यालयको खर्च व्यहोर्नु उचित देखिदैन ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण पालिकाले त्रिपुराकोट प्रहरी चौकिलाइ पुजा खर्च रु १५,०००। भुक्तानी दिएको देखिन्छ ।पालिकाले यस प्रकारका खर्चमा कटौति गर्नु पर्दछ ।

५५ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष पदाधिकारीलाई भ्रमण खर्च स्वरुप रु.१९००००० र कर्मचारी तथा अन्यको भ्रमण खर्च स्वरुप रू.२५००००० गरी जम्मा रू.४४००००० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित विवरण नराखेको तथा अनुगमन प्रतिवेदन राखेको भएपनि अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको भन्ने सुनिश्चित हुन सकिएन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन व्यवस्थित रुपमा राख्नुका साथै, यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५६ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रू.१५०००००कर्मचारीको बैठक भत्ता रू.८००००० गरी जम्मा रु.२३००००० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

५७ **कर्मचारी पारीश्रमिक**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरको २०८१।१०।२२ को निर्णयबाट अधिकृत छैठौँ श्री भिम बहादुर थापालाई मिति २०७७।११।६ देखि ज्येष्ठता लागु हुने गरी वरिष्ठ अधिकृत(सातौँ) मा तह मिलान गरेको छ । सोही अनुसार पालिकाले निजको ज्येष्ठता लागु हुने मिति देखिको माथिल्लो तहको पारिश्रमिक वापतको रकम रु.१३९२६२।० भुक्तानी दिएको छ । तह मिलानको निर्णयमा पारीश्रमिक सम्बन्धमा कुनै उल्लेख नभएको अवस्थामा थप पारिश्रमिक भुक्तानी गर्न मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,२६२ |

५८ **कर्मचारी सरुवा भ्रमण** (324-2081-09-03):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले नयाँ नियुक्ति लिइ कार्यालयमा हाजिरीको लागि आएका इन्जिनियर श्री चन्द्र शिखर ओली साविकको कार्यालय बाग्लुङ्गबाट काठमाडौँ, सुर्खेत हुँदै पालिकासम्म आउँदाको ११ दिनको पारिवारीक भ्रमण खर्च रु.१०००००।० भुक्तानी दिएको छ । बाग्लुङ्ग वाट सोझै सुर्खेत हुँदै त्रिपुरासन्दरी आउन सकिनेमा सो नगरेको तथा बाग्लुङ्गबाट काठमाडौँ सुर्खेत हुँदै पालिका पुग्दा समेत बढीमा ७ दिन मात्र लाग्ने अवस्थामा ११ दिनको पारिवारिक भ्रमण खर्च भुक्तानी गर्नु उचित देखिएन । अत लाग्ने अवधिभन्दा ४ दिन बढी अवधिको पारिवारिक भ्रमण भुक्तानी गरेको ४ दिनको रु.१६००।० दरले ५ जनाको रु.३२०००।० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,००० |

### ५९ स्थानीय भत्ता

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले यस वर्ष देहायबमोजिमका कर्मचारी दैनिक भ्रमण स्वीकृत गरी भत्ता प्राप्त गरेको अवधिमा समेत स्थानीय भत्ता भुक्तानी गरेकोले नियमावली बमोजिम नपाउने भत्ता भुक्तानी गरेको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| भौचर नं. | कर्मचारीको नाम | उद्देश्य | अवधि | कट्टी गर्नुपर्ने स्थानीय भत्ता |
|---|---|---|---|---|
| ५३३- ११।२७ | असिष्टेन्ट सव इन्जिनियर श्री सुक बहादुर बुढा | सेवाकालिन तालिम | २०८१।९।१५ देखि २०८१।१०।२० | ९४२७ |

| असुल गर्नुपर्ने | ९,४२७ |
|---|---|

### ६० पदाधिकारी दोहोरो सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७७ को दफा ९ मा स्थानीय तहका प्रमुख उपप्रमुखलाई सवारी साधन उपलब्ध गराउन सकिने र सवारी साधन भएमा अनुसूची - १ मा बमोजिमको इन्धन समेत उपलब्ध हुने सो नभएमा अनुसुची- २ बमोजिमको यातायात खर्च उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकामा सवारी साधन नभएको अवस्थामा नगर प्रमुख तथा उपप्रमुखलाई यातायात खर्च भुक्तानी गर्दै आएकोमा यस वर्ष मासिक रुपमा इन्धन खर्च समेत भुक्तानी दिएको देखियो ।पालिकाको आफ्नै सवारी साधन नभएको र मासिक रुपमा यातायात खर्च भुक्तानी भएकोमा थप इन्धन खर्च भुक्तानी भएको देहायबमोजिमको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम | विवरण | वार्षिक भुक्तानी रकम |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री जनचन्द्र रोकाया | १० महिना ८० लि. रु.१५०।० दरले भुक्तानी भएको | १२०००० |
| २ | नगर उपप्रमुख श्री देवी घर्ती | १० महिना ७० लि. रु.१५०।० दरले भुक्तानी भएको | १०५००० |
| जम्मा | | | २२५००० |

| असुल गर्नुपर्ने | २,२५,००० |
|---|---|

### ६१ घरभाडा खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ (वडा कार्यालय संचालनका लागि रु. ३२०००० तथा मेयर, उपमेयर र कर्मचारी लागि रु. ७२००००) गरी रू.१०४०००० खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

### ६२ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी लाई सुविधा भुक्तानी गर्दा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७७ को अनुसुचि १ र २ मा भएको सुविधा मात्र उपलब्ध गराउनु पर्ने तथा दफा १५ मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले त्रिपुरासुन्दरी नगरपालिकाको पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७९ जारी गरी थप सेवा सुविधा भुक्तानी गरेको देखियो । स्थानीय तहका पदाधिकारीलाई सुविधा प्रदेश कानुन अनुसार हुनुपर्नेमा पालिकाले पालिकाको कानुन र निर्णयानुसार देहायबमोजिम थप सुविधा भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

| क.सं. | पदाधिकारी | विवरण | रकम |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री जनचन्द्र रोकाया | मेयर भान्सा खर्च | ६००००० |
| २ | नगर उपप्रमुख श्री देवी घर्ती | उपमेयर भान्सा खर्च | ४००००० |
| | जम्मा | | १०००००० |

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

## ६३ विज्ञापन वोर्ड शुल्क

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) मा भएको व्यवस्था बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प. सं. ०७९/८० च.नं ३८२ मिति २०७९/०५/०७ को पत्र बमोजिम बिज्ञापन वापतको रकम भुक्तानी गर्दा मू.अ.कर बाहेकको रकममा ३% को दरले रकम कट्टा गरि बिज्ञापन बोर्डको नाममा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको ो श्रेष्ताको नमुना परीक्षण गरि हेर्दा यस वर्ष देहायका बिज्ञापन एजेन्सिहरुलाई विज्ञापन वापत भुक्तानी गरेको पाईयो।कार्यालयले अन्य विज्ञापन एजेन्सीलाई गरेको भुक्तानीको समेत कर कट्टि एकिन गरि कर कट्टि हुन बाकी भएमा सो रकमको ३ प्रतिशतले हुने रकम असुल गरी बिज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा कार्यालयको श्रेष्ताको नमुना परीक्षणबाट देखिएका देहाय अनुसारका विज्ञापन एजेन्सीलाई भुक्तानी भएको रकमको ३ प्रतिशतले हुने रकम असुल गरि बिज्ञापन बोर्डको नाममा दाखिला गर्नुपर्ने रु.

| सि.नं | गो. भौ.नं. | मिडियाको नाम | बिल रकम | ३% रकम |
|---|---|---|---|---|
| १ | २३-९।२९ | ग्लोवल मिडिया प्रा.ली. | ११९००० | ३५७० |
| २ | | ग्लोवल मिडिया प्रा.ली. | १०७१०० | ३२१३ |
| | | जम्मा | २२६१०० | ६७८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७८३ |

## ६४ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्मबाट कुल रु. ४२,४०,०२८।- सोझै खरिद गरेको देखियो।सोझै खरिद हुँदा खरिदमा प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ.नं. र मिति | फर्म/निर्माण व्यवसायी | खरिदको विवरण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | पालिका चालु | ७४५।२०८२ । ०१।२६ | फिगो मेडिसिन सप्लायर्स | औषधी खरिद | ९२९२७७ |
| २ | पालिका चालु | ७६३।२०८२ । ०२।१८ | मोवाइल मर्मत तथा खरिद विक्रि केन्द्र | मसलन्द तथा कार्यालय सामाग्र | २२३२०० |
| ३ | पालिका चालु | ८६४।२०८२ । ०३।१३ | पेन्टागन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | एकिकृत घुम्ति शिविर संचालनबाट Land Use Map- Kitta kat | ४९५५०५ |
| ४ | पालिका चालु | ९०५।२०८२ । ०३।१६ | निलम फेन्सी हाउस रु. ३१४७३१ र भुसाल अफसेट प्रेस रु.१९६५१९ | सभा संचालन खर्चबाट झोला खरिद | ५११२५० |
| ५ | पालिका चालु | १००९।२०८२ ।०३।२३ | दिप्सा इन्जिनियरिङ प्रा लि | डिजिटल नागरिक वडापत्र निर्माण | ३९७४५० |
| ६ | पालिका चालु | १९५- ९।२८ | उग्रतारा इन्फोटेक | डेस्कटप, प्रिन्टर खरिद | ९८५७९० |
| ७ | पालिका चालु | २७२- ३।४ | उत्तरगंगा स्टेशनरी तथा मसलन्द | व्याग रेनकोट खरिद | २९७५५६ |
| ८ | पालिका चालु | ३३५- ३।२३ | पन्थी इलेक्ट्रोनिक्स एण्ड हार्डवेयर सप्लायर्स | कार्यालयमा सिसिटिभि जडान | ४००००० |
| जम्मा | | | | | **४२,४०,०२८** |

६५ **विद्यालय शिक्षा क्षेत्र सुधार योजना**

विद्यालय शिक्षा क्षेत्र सुधार योजनाको क्रियाकलाप २.७.१३.१३४८मा हिमाली आवसीय विद्यालय छात्रावास (विशेष शिक्षाका कक्षा र अनाथ बालबालिका लागि) व्यवस्थापन गर्ने उल्लेख छ । यसरी हिमाली आवसीय विद्यालय (विशेष शिक्षाका कक्षा र अनाथ बालबालिका लागि) छात्रावास व्यवस्थापन उद्देश्यअनुरुप नगरी गोश्वरा भौचर २ मिति २०८२।०३।२३ मा श्री सरस्वति माविलाई रु.६८७५०० भुक्तानी भएको छ । यस छात्रावासमा विशेष शिक्षाका र अनाथ बालवालिका रहेको अभिलेख पनि देखिएन । त्यसैले उद्देश्यअनुरुप विशेष शिक्षाका कक्षा र अनाथ बालबालिका लागि छात्रावास व्यवस्थापनको लागि प्राप्त रकम सोहि उद्देश्यअनुसार खर्च नभइ साधारण बालबालिकाको शिक्षाका लागि खर्च गरेको देखिएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,८७,५०० |

६६ **प्रमाण पेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम वितरण भरपाई, लागत अनुमान, फोटो, नापी किताव, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन र गाडि भाडा सम्झौता लगायतका कैफियतमा खुलाएका प्रमाण पेश नगरी भुक्तानी दिएको रकमको प्रमाण पेश गर्नुपर्ने रू. १५३०००।०

| क्र.सं. | गो. भौ. नं. र मिति | कार्यक्रम | भुक्तानी पाउने | प्रमाण पेश गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७७८। २०८२ ।०। २१ | नगरपालिका स्तरीय खेलकुद कार्यक्रम | सरोज खत्री | १४०००० | लागत अनुमान, फोटो, खेलाडिले लिएको ११ जर्सिको वितरण भरपाई रु.१४३०० र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको |
| ७ | ७९६। २०८२। ०१।१९ | विविध तालिम गोष्ठी भैपरी कार्यक्रम खर्चबाट नल्लु देवल निर्माण र देवता थान निर्माण | नन्दकृष्ण बुढा | ११३००० | निर्माणको लागत अनुमान, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको । |
| जम्मा | | | | १५३००० | |

| | |
|---|---|
| अनियमित भएको | २,५३,००० |

६७ **विल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष देहाय बमोजिम नियम विपरित भुक्तानी दिएको रकम यकिन गरी असुल गर्नुपर्ने रू. २८०००

| क्र.सं. | गो. भौ. नं. र मिति | भुक्तानी पाउने | विल पेश नभएको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७८।२०८२ । ०३।२३ | चौरीखोला रातीपुर खानेपानी तथा सरसफाई आयोजना उस | १८००० | सार्वजनिक परीक्षण, सूचना बोर्ड र स्टोर भाडा को विल भरपाई पेश नभएको |
| २ | ७९।२०८२ । ०३।२३ | त्रिपुरा मावि | १०००० | सार्वजनिक परीक्षण, सूचना बोर्ड र स्टोर भाडा को विल भरपाई पेश नभएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,००० |

६८ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.३५००००० को कार्यालय मालसमान खरिद गरेको ।यसरी कार्यालयमा आवश्यक सामाग्रीको लागत अनुमान तयार गरी सबै मसलन्द तथा सामाग्री खरिदलाई ठेक्का मार्फत खरिद गरी खरिद कार्यलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

६९ **बोलपत्र विधिबाट खरिद कार्य**

६९.१ **बोलपत्र विधिबाट खरिद कार्य -** कार्यायबाट प्राप्त विवरण अनुसार यस वर्ष वोलपत्र विधिबाट देहायबमोजिम खरिद कार्य भएको छ ।

| क्र स | निर्माण कार्य | निर्माण ब्यबस्या को नाम | सझौता रकम | सम्झौता मिति | सम्पन गर्नु पर्ने मिति | म्याद थप | पेस्की जमानत | कार्यसम्पन जमानत म्याद |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका conference हल toilet boundary wall construction वोर्क | तमकोशी जनमुखी jv | २५०३४४९३ | २०७७ / ११/०५ | २०८० / ०३/३० | यक पटक २०८१/ ०४/३० | ०८/१० / २०२१ रु५०००००० | १५/०४ / २०२३ रु ७०००००० |
| २ | अस्पताल | हिमाली/रेलिगेल /बुद्धहिमाली jv बौध katmmandu | ३५७६६२२९ | २०७८ / ०२/२४ | २०८० /७/३० | २०७९/ ०९/२९ ठेक्का बन्द | रु ६०००००० july ०५ २०२२ | ९५५३०९० may ०८ २०२५ |
| ३ | दुइ तले अठा कोठे स्कुल भवन निर्माण | De eye core /sostika/jagadulla /nirmansewa jv mahalaxmi na pa 8 lalitpur | २०४२२१३३ | २०८१ /१/१३ | २०८२ असोज मसान्त | - | - | ९५५३०९० may ०८ २०२५ |
| ४ | सुपानी रंग मोटर बाटो निर्माण | अरुण निर्माण सेवा | ७८५३३४१ | २०८१।११।२१ | २०८२।२।३१ | - | - | ३९५०५०० |
| ५ | खदाङ देखि लाहान सम्मको मोटर बटोलाई मर्मत तथा पहिरो नियन्त्रण | के एण्ड डी कन्ष्ट्रक्सन एण्ड सप्लायर्स | २६९४३०८ | - | - | - | - | २५४७००० 19 march 2025 |
| ६ | दगिना स्थित आर्यखोला मोटर बाटो तटवन्धन | इको वर्ल्ड कन्ष्ट्रक्सन प्रा.ली. | ४१८०४१५ | - | - | २०८२ असोज मसान्त | ३६१०९९, 23 July 2024 | २३६१२०४, 28 July 2025 |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

६९.२ **अधुरा निर्माण कार्य** - माथि उल्लेखित क्रम संख्या १ र २ को खरिद सम्झौता सम्बन्धमा यस वर्ष कुनै प्रगति भएको देखिएन । उक्त निर्माण कार्यको विगत वर्षमा नै लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको म्याद समाप्त भएको पेश्की तथा कार्यसम्पादन जमानतको असुल गर्नुपर्ने बेरुजु सम्बन्धमा कार्यालयबाट कुनै कार्यवाही भएको छैन । निर्माण कार्यको समयावधि समाप्त भई सकेको अवस्थामा म्याद थप पनि नभएको तथा म्याद समाप्त भएका जमानत जफत/असुल गरेको देखिएन । अत उक्त निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार कारबाही गरी खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।

६९.३ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानतकोमान्य अवधि निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । कार्यालयले माथि उल्लेखित ठेक्का मध्य क्रम संख्या ५ को रु. २५४७०००।० र क्रम संख्या ६ को रु.२३६१२०४।० समेत रु.४९०८२०४।० को कार्यसम्पादन जमानतको म्याद समाप्त भएको देखिएकोले जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,०८,२०४ |

६९.४ **बीमा नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाभन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष बीस लाख रुपैयाँभन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नु पर्दछ ।

६९.५ **कार्यालयमा व्यायभार परेको** - समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा ४(११) मा प्रदेश वा स्थानीय तहले समपुरक अनुदानबाट सञ्चालित योजना तोकिएको अवधिमा सम्पन्न गर्नुपर्ने र सो अवधिमा सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । सुपानी रंग मोटर बाटो निर्माण कार्यमा संघीय समपुरक अनुदानबाट रु.९० लाख र पालिकाको रु.९० लाख समेत रु.१ करोड ८० लाख बजेट विनियोजन भएकोमा बोलपत्र विधिबाट खरिद कार्य गर्दा उक्त निर्माण कार्य रु.७८५३३४१।० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री अरुण निर्माण सेवासँग सम्झौता भएको देखिन्छ । यही आर्थिक वर्षको लागि प्राप्त अनुदानबाट कार्यालयले उक्त निर्माण कार्यमा जम्मा रु.१४९७५७४।० मात्र खर्च गरेको छ । बाँकी रु.६३५५७६७।० को कार्य संघीय कोषबाट रु.३१७७८८३।५ र पालिकाबाट सोही अनुसार खर्च गरे हुनेमा समयमा नै निर्माण कार्य सञ्चालन नगर्दा पालिकाले संघीय सरकारको अंश समेत व्यहोर्नु पर्ने अवस्था सिर्जना भएको छ । अत पालिकाले तोकीएको कार्य समयमा नै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७० **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २५.५४ देखि ५५.४ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र सं | ठेक्का नं | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | TM/NCB/W//01/2081-82 | सुपानी रंग मोटर बाटो स्तरोन्नती | अरुण निर्माण सेवा | १७९८९२३८ | ६७०२०७२ | ५५.४ |
| २ | TM/NCB/G/01/2081-82 | सुरक्षित नागरिक आवासको जस्ता पाता खरिद | के एण्ड डि सप्लायर्स | २८००००० | १५७६१३३ | २५.५४ |

७१ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वियन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी तालुक निकायबाट कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष देहायबमोजिम कार्य तोकीएको शिर्षकमा खर्च नगरी तथा कार्यक्रम संशोधन समेत नगरी अन्य शिर्षकमा खर्च गरेकोले उक्त रकम नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | भौ. नं. | हुनुपर्ने कार्यक्रम शिर्षक | खर्च कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | २४८ | वाला त्रिपुरासुन्दरी मन्दिर रंगरोगन तथा परिसर सुधार | १/१ खसी बोका खरिद | ३४००० |
| २ | ४१८ | वडा कार्यालय मसलन्द | खाना खाजा खर्च | १००००० |
| ३ | ४६४ | जनप्रतिनिधि अनुगमन | ५ जना कर्मचारीलाई भ्रमण खर्च | ६६००० |
| ४ | ४८१ | समायोजन ग्रेड | बैठक भत्ता भुक्तानी | ४२७३५ |
| ५ | ६९६ | न्यायिक निरुपण.... | नल्नु देवल र देवता थान निर्माण | ११९००० |
| ६ | २८२ | विविध भैपरी तालिम गोष्ठी विपद व्यवस्थापन | विविध खर्च | १०३००० |
| ७ | १४६ | एकिकृत घुम्ति शिविर सञ्चालन | सफ्टवेयर खरिद | ३००००० |
| | | | जम्मा | ७६४७३५ |

| | |
|---|---|
| अनियमित भएको | ७,६४,७३५ |

७२ **पालिकाको साझेदारी**

उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को बुँदा ५ अनुसार आयोजना सञ्चालन गर्नको लागि कार्यक्रमको तर्फबाट अधिकतम नब्बे प्रतिशत र स्थानीय तहको तर्फबाट न्युनतम दश प्रतिशत लागत साझेदारी रहने उल्लेख छ । पालिकाले उक्त कार्यक्रममा देहायबमोजिमका योजना सञ्चालन गरेकोमा कार्यविधि अनुसार पालिकाको न्युनतम साझेदारि नगरी संघ तर्फबाट बढी खर्च गरेको देखिएकोले संघ तर्फ बढी खर्च भएको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.

| क्र.सं. | कार्यक्रम | जम्मा खर्च रकम | कार्यक्रमबाट हुनुपर्ने साझेदारी | भएको साझेदारी | बढी साझेदारी |
|---|---|---|---|---|---|
| १ | प्रसुती सेवा केन्द्र वडा नं. १० | ३५३००१३ | ३१७७०१२ | ३३८९७९७ | २१२७८५ |
| २ | कृषि हाटवजार केन्द्र निर्माण | २६००४७७ | २३४०४२० | २४००००० | ५९५८० |
| | जम्मा | | | | २७२३६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७२,३६५ |

७३ **प्रकाश आ.वि. अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा उपनियम १० मा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रकाश आ.वि. अनुदान कार्यक्रमबाट प्रकाश आधारभुत विद्यालयलाई भौ.नं. २८१-२०८१।८।२० बाट रु.३०००००।० र भौ.नं. ६६०-२०८२।१।२ बाट रु.२०००००।० समेत रु.५०००००।० भुक्तानी गरेको छ । विद्यालयले शिक्षक प्रोत्साहन कार्य गरेको उल्लेख गरी रकम खर्च गरेकोमा उक्त रकमबाट के कस्तो कार्यक्रम सञ्चालन भयो सो खुल्ने प्रमाण कागजात संलग्न नरहेकोले खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७४ **कार्यक्रम एकिन नभएको/काजगात पुरा नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा उपनियम १० मा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष देहायबमोजिमको खरिद कार्यमा खर्च पुष्ट्याई प्रमाण कागजात संलग्न नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिनेको नाम | वापत | भुक्तानी रकम | नपुग कागजात |
|---|---|---|---|---|---|
| ३३९ | पहाडा स्वास्थ्य चौकी व्यवस्थापन | जगविर बुढा | प्रसुति केन्द्र मर्मत | ९६००० | जस्ता खरिद र ढुवानी मात्र गरेको देखिएको |
| ३७६ | वृत्ती चित्र निर्माण | सुशासन मिडिया प्रा.ली. | वडा नं. ८ को वृत्त चित्र निर्माण | १४४००० | कोटेशन, सम्झौता, दाखिला, प्रकाशन सम्बन्धित कुनै कागजात नरहेको |
| ६६३ | पहाडा स्वास्थ्य चौकी व्यवस्थापन | जगविर वुढा | प्लाइ, कार्पेट, खरिद | २४०००० | ल.ई. सम्झौता, नापी सम्पन्न नभएको |
| | | | जम्मा | ४८०००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८०,००० |

७५ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८८ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

७६ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

७७ **पालिकाबाट शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरुमा तोकीएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेश भित्रका जिल्लाका पुल दरबन्दीबाट मिलान गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही अनुसार दरबन्दी मिलान नगरी तथा कार्यविधिमा भएको व्यवस्था अनुसार प्रक्रिया पुरा गरेको पाइएन । त्यस्तै पालिकाले बजेट विनियोजन गर्दा वडागत रुपमा योजनाको रुपमा नै शिक्षक अनुदान कार्यक्रम राखि देहायबमोजिम रु.३१५८५००।० खर्च लेखेको छ । पालिकाले दरवन्दी मिलान नगरी, रिक्त तथा आवश्यक दरबन्दी समेत एकिन नगरी वित्तीय समानीकरण अनुदान र राजस्व वाँडफाँड शिर्षकबाट खर्च लेख्नु उचित देखएन । अत पालिकाले शिक्षक विद्यार्थी अनुपात, दरबन्दी आवश्यकता एकिन गरी दरबन्दी मिलान गरेर मात्र शिक्षक अनुदान दिनु पर्नेमा सो नगरी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

| क्र.सं. | विद्यालय | कार्यक्रम | वडा नं. | अनुदान रकम |
|---|---|---|---|---|
| १ | कस्तुरी मा.वि. | कस्तुरी मा.वि. शिक्षक अनुदान | गाउँ पालिका | ७५०००० |
| २ | ज्योती आ.वि. | ज्योती आ.वि. शिक्षक अनुदान | वडा नं. २ | ६००००० |
| ३ | महादेव आ.वि. | महादेव आ.वि. राहत शिक्षक थप अनुदान | वडा नं. ३ | ३००००० |
| ४ | फोक्सुण्डो आ.वि. | फोक्सुण्डो आ.वि. शिक्षक अनुदान | वडा नं. ५ | १२०००० |
| | मुकुटेश्वर मा.वि. | मुकुटेश्वर मा.वि. फुल्चिङ्ग शिक्षक अनुदान | वडा नं. ६ | ५२३००० |
| ५ | कस्तुरी मा.वि. | कस्तुरी मा.वि. शिक्षक अनुदान | वडा नं. ७ | २५०००० |
| ६ | भगवति आ.वि. | भगवति आ.वि. शिक्षक अनुदान | वडा नं. ७ | १८०००० |
| ७ | कस्तुरी मा.वि. | कस्तुरी मा.वि. शिक्षक अनुदान | वडा नं. ८ | १४५००० |
| ८ | जनप्रिय आ.वि. | जनप्रिय आ.वि. शिक्षक अनुदान | वडा नं. ९ | १००००० |
| ९ | अमरसिंह आ.वि. | अमरसिंह आ.वि. शिक्षक अनुदान | वडा नं. ११ | १९०५०० |
| | | जम्मा | | ३१५८५०० |

| | |
|---|---|
| अनियमित भएको | ३१,५८,५०० |

## ७८ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुँदा नं. ५.१५ मा अनुसार नेपाल सरकारबाट उपलब्ध गराएको बजेट तथा साधन स्रोतबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष ११ वडाको लागि ११ थान मोटरसाइकल खरिद गरी रु.३१८४०००।० खर्च लेखेको पाइयो । उक्त सवारी साधन खरिदको लागि अर्थमन्त्रालयबाट स्वीकृत लिएको समेत देखिएन । अर्थ मन्त्रालयको निर्देशनको पालना गरी खर्च गर्नुपर्दछ ।

## ७९ कर्मचारीको नाममा भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ ।साथै ई.एफ.टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको नाममा भुक्तानी गरेको हुँदा उक्त रकमको सदुपयोग भए नभएको एकिन हुन नसक्ने हुदा पालिकाले यस प्रकारको कार्यलाइ नियन्त्रण गर्नु पर्दछ ।

| **गो.भौ.नं र मिति** | **विवरण** | **कर्मचारीको नाम** | **रकम** |
|---|---|---|---|
| ९९।२०८२।३।२३ | पहाडा स्वास्थ्य चौकि सामग्री | जगबर बुढा | ४५,००० |
| ७०।२०८२।०१।८ | औषधि खरिद | शान्ति रावत | ७५,००० |
| ११२०।२०८२।३।२५ | कार्यालय सामग्री मर्मत | ज्ञान बहादुर खत्री | १९,३५० |
| | | **जम्मा** | **१३९,३५०** |

## ८० जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणहरू आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । उपभोक्ताले देहाय बमोजिमका तीनवटौ आयोजनाहरुमा निर्माण व्यावसायिको मेसिन,औजार प्रयोग गरी भुक्तानी गरेको देखिन्छ यसरी उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव नहुने, सुरु

लगानीको लागि स्रोत साधनको न्यूनता हुने एवं भारी उपकरणको उपलब्धता नहुने अवस्थामा समेत जटिल संरचना निर्माणको कार्य गरेको देखियो । यस्तो कार्यलाई पालिकाले नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | भौ. नं. र मिति | आयोजना को नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | कार्यसम्पन्न | निर्माण |
|---|---|---|---|---|---|---|
| | | | | | | व्यवसायिको विजक रकम |
| १ | ७।२०८२।३।१९ | मेहल देखि मुहुँ गाउँ सम्म सडक मर्मत सम्भार | शे फोक्सुण्डो कन्ट्रक्सन प्रा लि | १८००९५८ | १७८४२८५ | १६२५३३५ |
| २ | ८।२०८२।०३।१९ | कादुरी झोलुङ्गेपुल देखि खोलाधारी सम्म सडक मर्मत | शे फोक्सुण्डो कन्ट्रक्सन प्रा लि | १८१९०५९ | १८००२७८ | १८२२७२० |
| ३ | ९।२०८२।०३।१९ | दोगाडी देखि बन्तडी सम्म सडक मर्मत | शे फोक्सुण्डो कन्ट्रक्सन प्रा लि | १९०३४४४ | १८५९४२३ | १८२२७२० |
| | | जम्मा | | ५५, २३ , ४६१ | ५४, ४३ , ९८६ | ५२,७०,७७५ |

८१ **घटी भ्याट विल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ दफा (३९) ५ मा सरकारी रकमो खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका उपभोक्ता समितिलाई भुक्तानी गर्दा नर्म्स अनुसारको विजक नहेरी डोर हाजिरीको आधारमा भुक्तानी गरेको देखिन्छ । नर्म्स अनुसार लाग्ने परिमाणको बिजक पेश नगर्दा राज्यलाइ प्राप्त हुने मू.अ. कर रकम प्राप्त नहुने देखिन्छ । अत: घटी बिजकको कारण हुने मु.अ. कर रकम देहायअनुसारका उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

| **सिनं** | **भौ नं र मिति** | **उपभोक्ता समितिको नाम** | **नर्म्स अनुसार** | **विजक अनुसारको** | **घटी बिजक** | **घटी विजकको** |
|---|---|---|---|---|---|---|
| | | | **सिमेन्ट** | **सिमेन्ट** | | **मू.अ.कर** |
| १ | ५१२।२०८०।०३।२२ | बन्तडी बस्ति ढुङ्गा विछ्याउने योजना उ. स. | ३७८०० | ० | ३७८०० | ४९१४ |
| २ | ४७९।२०८२।०३।१९ | मुहुँ बस्ति एङ्गल घेराबार उ.स. | १९८९५० | १३४५५० | ६४४०० | ८३७२ |
| ३ | ४७८।२०८२।३।१९ | ठेक्नेखोलाबाट शेरगाउँ सम्म एङ्गल घेराबार निर्माण उ.स | ३६६८५० | १०२३५० | २६४५०० | ३४३८५ |
| ४ | ४६४।२०८२।३।२२ | जिउँ बस्ति ढल विकास योजना | २६५६५० | २३०००० | ३५६५० | ४६३५ |
| | | **जम्मा** | **८६९२५०** | **४६६९००** | **४०२३५०** | **५२,३०६** |
| | | | | | असुल गर्नुपर्ने | ५२,३०६ |

८२ **परामर्श तथा डीपीआर खर्च**

८२.१ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| क्र.सं. | कामको विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| **1** | Consulting Service for the Preparation of Detailed Engineering Design and Cost Estimate of Terminal Building | Vikash Nirman Sewa | **486352** | **437698** | |
| **2** | Consulting Service for Supani Rang Bato Upgrade | Yas Wai Engineering Pvt. Ltd. | **497483** | **437698** | |
| **3** | Detail project report preparation of Tamegad tirtha Esthal and Tripurasundari Municipality 07 Chhala hudai DudhaKuwa, Telkuwa banas hudai Foksundo Tal Samma Paryatan Padmarga | Rurban Engineering Cosultancy | **1996145** | **1991000** | |

८२.२ **लागत अनुमान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्शबाट खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजन वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको देखियो । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

८२.३ **प्रस्ताव मुल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन नगरी सोझै आर्थिक प्रस्तावको आधारमा खरिद सम्झौता भएको देखियो । जसबाट परामर्शदातासँग तोकीएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदन गुणस्तरिय भएको मान्न सकिएन ।

८२.४ **योजना सञ्चालन** - आगामी वर्ष बजेट विनियोजन गरी योजना कार्यान्वयन गर्न सकिने योजनामा मात्र डीपिआर गर्नुपर्नेमा पालिकाबाट डिपीआर भएका योजनामा यस वर्ष बजेट विनियोजन तथा कार्यान्वयन भएको पाइएन । त्यस्तै पालिकाले यसपालि परामर्श खरिदबाट तयार गरेको डीपिआर गाउँ कार्यपालिका तथा नगरसभाबाट स्वीकृति गरी कार्यान्वयन गर्नुपर्दछ ।

८३ **मेयर सँग जनता कार्यक्रम**

यस वर्ष कार्यालयले जनता सँग मेयर कार्यक्रमलाई पुँजीगत तर्फको शिर्षकबाट रु.२२०५५८८।० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

८३.१ **कार्यविधि नभएको** - कार्यालयले कुनै रकम खर्च गर्दा कार्यविधि निर्माण गरी सोही आधारमा मात्र खर्च गर्नुपर्नेछ । तथापी यस वर्ष मेयर सँग जनता कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण नगरी तथा नगरसभावाट एकमुष्ट रुपमा रु.२६५४०००।० बजेट विनियोजन गरि पटके निर्णयको आधारमा खर्च भएको देखिन्छ । कार्यविधि निर्माण नगरी पटके निर्णयको आधारमा बजेट खर्च गर्नु उचित नदेखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८३.२ **चालु प्रकृतिका खर्च** - एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा पूँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत शिर्षकको जनता सँग मेयर कार्यक्रमबाट देहायबमोजिमका चालु कार्यक्रममा खर्च लेखेको छ । यसरी चालु प्रकृतिको खर्च पुँजीगत बजेटमा समावेश गरी खर्च लेख्नु नियमसम्मत नदेखिएको रु.

| भौ.नं. | भुक्तानी पाउने | वापत | रकम |
|---|---|---|---|
| ९ | त्रिपुरा मा.वि. शिक्षक अनुदान | शिक्षक पारिश्रमिक | १२०८७२ |
| २८८ | त्रिपुरा मा.वि. शिक्षक अनुदान | शिक्षक पारिश्रमिक | १३१०६७ |
| २८५ | हिमज्योती आ.वि. | शिक्षक पारीश्रमिक | ६०००० |
| १२० | धिरेन्द्र बहादुर नेगी | सवारी साधन निवकरण | ६९५०० |
| जम्मा | | | ३८१४३९ |

| | |
|---|---|
| अनियमित भएको | ३,८१,४३९ |

८४ **उपभोक्ता समितिबाट जटिल कार्य तथा हेभी इक्वीपमेन्टको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिकाट कार्य गर्दा मितव्यायिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियफजनाको मुख्य उद्वेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गर्न सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यमा लोडर, एक्साभेटर, रोलर लगाएतका हेभी मेशिनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । पालिकाले यस वर्ष पिसिसि, आरसिसिको कार्य गर्नुपर्ने विभिन्न भवन निर्माण कार्य तथा लागत अनुमानमा नै मेशिनको दर राखि डोजर एक्साभेटर प्रयोग गरी निर्माण गर्नुपर्ने पर्ने सडक निर्माण कार्य उपभोक्ता समितबाट गराएको छ । उपभोक्ता समितिबाट मेशिन प्रयोग गर्दा रोजगारी सृजना नहुने तथा भवन निर्माण कार्यमा गुणस्तरियता समेत हुने कुरामा एकिन नहुने हुँदा उपभोक्ता समितिबाट जटिल संरचना निर्माण गर्ने साथै हेभी इक्वीपमेन्ट प्रयोग गरी गर्नुपर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८५ **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले चुँ खानेपानी तथा सरसफाई आयोजना वडा नं. ९ को निर्माण कार्यमा ओभरहेड बाहेक रु. ९२३१५२९.७८ लागत अनुमानमा ओभरहेड १५ प्रतिशत समेत समावेश गर्दा पालिकाले लागत अनुमान रु.१०६१६२५९.२५ भएको योजना उपभोक्ता समितिबाट गराएको पाइयो ।यसरी खरिद नियमावली विपरित बढी व्ययभार हुनेगरी लागत अनुमान तयार गरी गरेको कार्य गर्नु उचित देखिएन । उपभोक्ता समितिबाट सीमा भन्दा बढीको निर्माण कार्य गराउने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | सम्झौता रकम | कार्यसम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३०।२०८१।१२।०१ | चुँ खानेपानी तथा सरसफाई आयोजना वडा नं. ९ | चुँ खानेपानी तथा सरसफाई आयोजना | ८१६१८४६ | ८०९६००१ | ५८८२०४० |

सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

८६ **आनुपातिक कट्टी**

पालिका, खानेपानी तथा ढल व्यवस्थापन विभाग र SUSWA।PSU बिचको सहमतिपत्रमा व्यहोर्ने वित्तीय रकमको आधारमा पालिकाले २६.३२ प्रतिशत, नेपाल सरकारले १६.९५प्रतिशत र फिनल्याण्ड सरकारले ४६.७२ प्रतिशत व्यहोर्ने देखिन्छ । चुँ खानेपानी तथा सरसफाई आयोजनाको कार्यसम्पन्नको आधारमा भएको भुक्तानीमा सहमति पत्रमा उल्लेख भएबमोजिम कम आनुपातिक कट्टि गर्ने पक्षबाट असुल गर्नुपर्दछ । जुन व्यहोरा निम्नानुसार रहेको छ ।फिनल्याण्ड सरकारबाट कम कट्टि भएको रकम शोधभर्ना प्राप्ति गरी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गोश्वरा भौचर र मिति | सम्झौताका पक्षहरु | सहमतिअनुसार व्यहोर्ने अंश प्रतिशत | कट्टि हुनुपर्ने रकम | कट्टि भएको रकम | कम।बढी कट्टि रकम |
|---|---|---|---|---|---|
| ३०।२०८१।१२।१ ६९।२०८२।३।२२ | फिनल्याण्ड सरकार।EU | ४६.७२ | ३७८२४५१ | ३४८३४४० | (२९९०११) |
| ३०।२०८१।१२।१ ६९।२०८२।३।२२ | नेपाल सरकार | १६.९५ | १३७२२७२ | १५८९००० | २१६७२८ |
| २१८।२०८१।१२।१ ३२६।२०८२।३।२२ | पालिका | १० | ८०९६०० | ८०९६०० | ० |
| | जनसहभागिता | २६.३३ | २१३१६७७ | २१३१६७७ | ० |
| जम्मा | | १०० | | | २९९०११ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,०११ |

८७ **अधुरा निर्माण कार्य**

सार्वजिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभइ खरिद कार्यको थालनी गर्न नहुने उल्लेख छ । कार्यालयमा यस वर्ष बजेट विनियोजन भई उपभोक्ता समितिबाट निर्माण सम्झौता भएका तर निर्माण स्थल/आयोजना व्यक्तिगत लाभको आधारमा छनौट भएको भनि विभिन्न विदाद र मुद्दाको कारण अधुरा रहेका केही निर्माण कार्यहरु निम्न छन् ।

| क्र.सं. | योजनाको नाम | ल.ई. | कार्यालयको अंश | सम्झौता मिति | सम्पन्न गर्ने मिति | हालसम्म भुक्तानी | पेश्की भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | रह्नि शुसिलचन्द्र चुला दराज स्तरउन्नति तथा पूर्वाधार निर्माण सामुदायिक भवन निर्माण | ४६३५३८१ | ४०००००० | २०८१। ७।२३ | २०८१। ११।१५ | ११५२००० | ११५२००० |
| २ | जोगिनाखोर घेरावार तथा पूर्वाधार निर्माण | ३६६५३३६ | ३०००००० | २०८१। ८।१२ | २०८१। ११।२० | ८६४०००० | ८६४००० |
| ३ | कुमारीकोट बगर कृषि फलपुल तरकारी रैथाने बाली घेरावार तथा पूर्वाधार निर्माण | ३६०२५६२ | ३०००००० | २०८१। ७।५ | २०८१। १०।१० | | ९५०४०० |
| ४ | किम्लिखेत देखि खोपु जीउला अंगुरु खेलसम्म मोटरबाटो निर्माण | ३४९२६३० | ३०००००० | २०८१। ७।२७ | २०८१। १०।२५ | ७००००० | ७००००० |
| ५ | सन्तोषी होमस्टे तथा खाजा घर घेरावार तथा पूर्वाधार निर्माण | ३६२६७२१ | ३०००००० | २०८१। ७।२१ | २०८१। १०।२५ | १४६७६०० | |
| ६ | डोल्पा जिल्ला त्रिपुरासुन्दरी न.पा. स्थित बाटो माथी ठाक्चौर घेरावार पूर्वाधार निर्माण कार्य, रुम बनकाली तथा कोट सेजलकाँडाँ घेरावार पूर्वाधार निर्माण कार्य, कोट साउदविसाउने घेरावार पूर्वाधार निर्माण | १०२५९४६८ | ८५००००० | २०८१। ८।२५ | २०८१। १२।२५ | २४४८००० | २४४८००० |
| | जम्मा | २९२८२०९८ | २४५००००० | | | १४४०७६०० | ६११४४०० |

संघीय सशर्त अनुदानबाट रकम प्राप्त भएको रकमबाट निर्माण कार्य गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेका उल्लेखित ६ योजनाको कुल लागत अनुमान रु.२९२८२०९८।० रहेकोमा कार्यालयले रु.२४५०००००।० व्यहोर्ने गरी सम्झौता गरेको देखिन्छ । जसमध्ये रु.१४४०७६००।० भुक्तानी भएको छ र भुक्तानी रकममध्ये ६११४४००।० पेश्की भुक्तानी गरेकोमा निर्माण कार्य भएको देखिएन । आयोजना छनौटमा नै समस्या रहेको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेकोमा अख्तियार तथा नगरपालिकाले

निश्चित व्यक्तिको लाभ वा सामाजिक लाभ भन्ने स्पष्ट नछुट्याइएको कारण निर्माण कार्य अघि नबढेको कार्यालयले जनाएको छ । खरिद पूर्व तयारीका सम्पूर्ण प्रक्रिया पुरा गरी खरिद सम्झौता गर्ने र सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८८ **दैनिक भ्रमणभत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ दफा (३९) ५ मा सरकारी रकमको खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । गोश्वरा भौचर ८८ मिति २०८२।०३।२५ बाट हेमन्त शाहिले मिति २०८२।०१।१७ देखि २०८२।०१।१९ गते कार्यालयमा हाजिरी भइ दैनिक भ्रमण भत्ता वापत बुझेको रकम रु.३९६० असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,९६० |
|---|---|

८९ **जनसहभागितको अंश**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गोभौनं. /मिति | उपभोक्ता समिति र काम | कार्य सम्पन्न रकम | सम्झौता अनुसार उपभोक्ताको अंश | भुक्तानी हुनपर्ने रकम | भुक्तानी भएको रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| २६।२०८२।०३।१८ | रसिमाझ गाउँवस्ती ढल निकास तथा सिढी निर्माण | २१८३४५५ | २०% | १७४६७५६ | १८१७५६० | ७०८०४ |
| **जम्मा** | | | | | | ७०८०४ |
| **२० प्रतिशत आनुपातिक कट्टि गरी असुल गर्नुपर्ने रकम** | | | | | | ५६६४३ |

| असुल गर्नुपर्ने | ५६,६४३ |
|---|---|

९० **आदिवासी जनाजाति विकास सेवा समितिलाई अनुदान** (352-2082-03-24):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(११) मा सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानी नोक्सानी वा लापर्वाही हुन नपाउने गरी उचित प्रवन्ध गर्नुपर्ने उल्लेख छ । कार्यालयले आदिवासी जनाजाति विकास सेवा समितिलाई अनुदान कार्यक्रम राखी रु.१७००००।० रकम भुक्तानि गरेको छ । उक्त रकमबाट समितिले कपी कलम लगाएतका स्टेशनरी खरिद गरी विभिन्न विद्यालयका विद्यार्थीलाई वितरण गरेको देखिन्छ । कार्यालयबाट प्राप्त अनुदान रकमबाट अन्य साझेदारी नगरी समितिले पुन पालिका अन्तर्गतकै विद्यालयमा सामाग्री वितरण गर्नु उचित देखिएन ।

९१ **बढी भुक्तानी** (76-2081-07-14):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत आ.व.को विविध दायित्व र अन्य विविध निर्माण तथा मसलन्द मेशिनरी तथा औजार मर्मत छुट योजनाको भुक्तानी कार्यक्रमबाट भेरि करिडोर अन्तर्गतको सडकमा सृष्टि निर्माण सेवाले ४३.५ घण्टा रु.८०००।० दरले कार्य गरेको विल पेश गरेको आधारमा उक्त निर्माण व्यवसायीलाई रु.४०००००।० भुक्तानी गरेको छ । कार्यालयको च.नं. ५६५ मिति २०८०।६।७ को पत्रानुसार उक्त आयोजनाको सडक अन्तर्गत ११ घण्टा कार्य गरेको उल्लेख गरी भेरि करिडोर सडक योजनालाई पत्र लेखेको देखिन्छ । कार्यालयको पत्रानुसार ११ घण्टा मात्र कार्य गरेको देखिएको अवस्थामा ४३.५ घण्टा कार्य गरेको देखाई ३२.५ घण्टाको रु.८०००।० का दरले वढी भुक्तानी भएको रकम रु.२६००००।० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,६०,००० |
|---|---|

९२ **पूँजीगत शिर्षकबाट चालु खर्च**

एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत वजेट शिर्षकबाट देहायबमोजिमको चालु खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं. | शिर्षक | खर्च विवरण | रकम |
|---|---|---|---|
| १६८-९।१४ | खेलकुद क्षेत्रको विकासका लागि | खेलाडीको खाना नास्ता खर्च | १६८००० |
| ११८-८।१८ | खानेपानी सरसफाई वडा नं. ७ | चुँ खानेपानी संरक्षक पारीश्रमिक | ५०००० |
| २२९-१।८ | | | ४०००० |
| २९३-३।१७ | | | ३०००० |
| १७३-९।१७ | विपन्न नागरिसँग उपमेयर कार्यक्रम | त्रिपुरा मा.वि. शिक्षक पारिश्रमिक | १३१०६७ |
| २२३-१२।२२ | | शिक्षक अनुदान | १४६०६७ |
| २०२-१०।२० | विपन्न छात्र छात्रवृत्ती अनुदान | वसन्त झाक्री अध्ययन छात्रवृत्ती | ५६००० |
| २४८-१।२२ | जनजाति कार्यक्रम आ.व. २०७८।७९ को दायित्व | आदिवासी जनजाति विकास कार्यक्रम | ५५६०० |
| ३२५-३।२२ | रैथाने वाली हेरालाको लागि पारीश्रमिक | ३ समितिका ६ जनालाई पारीश्रमिक भुक्तानी | २९२००० |
| ३४१-३।२३ | डिजिटल वडापत्र तथा स्मार्ट वोर्ड खरिद तथा जडान | इन्टरनेट जडान र राउटर खरिद | १४०००० |
| ३६४-३।२५ | होमस्टे तालिम सञ्चालन | तालिम सञ्चालन | ४५०००० |
| जम्मा | | | १५५८७३४ |

२४८-१।२२, जनजाति कार्यक्रम आ.व. २०७८।७९ को दायित्व कार्यक्रमबाट २०८२ साल बैशाख महिनाको विभिन्न खाद्यन्न र मसलन्द खरिद गरेको विलको आधारमा भुक्तानी गरेको छ । भुक्तानी रकमको प्रयोजन समेत एकिन हुन नसकेकोले उक्त कार्यको खर्च पुष्ट्याईको प्रमाण कागजात पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १५,५८,७३४ |

९३ **कम विजक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सन्तोषी होमस्टे तथा खाजाघर घेरावार तथा पूर्वाधार निर्माण उपभोक्ता समितिलाई 1:2:4 PCC कार्य ११.५३ घ.मी. र 1:6 C/S Mortarको कार्य ७४.४२ घ.मी. गरेकोमा उक्त कार्यको लागि संलग्न नर्म्स अनुसार २३१.५६ बोरा सिमेन्ट लाग्ने गरी नेपालगंजको खरिद दर रु.७८०।० मा जम्मा रु.२३४८०।० मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा संलग्न स्रेस्ता अनुसार उपभोक्ता समितिले १०० बोरा रु.४७८।० दरले खरिद गरी रु.६२१४।० मा मुल्य अभिवृद्धि कर विजक जारी गरेकोले उपभोक्ता समितिले कम तिरेको मुल्य अभिवृद्धि कर रकम रु.१७२६६।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,२६६ |

९४ **उपभोक्ताको साझेदारी** (17-2081-09-23):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले सन्तोषी होमस्टे तथा खाजाघर घेरावार तथा पूर्वाधार निर्माण उपभोक्ता समितिसँग रु.३६२६७२१।० को लागत अनुमानमा रु.७४६७२१।० उपभोक्ता समितिले योगदान गर्ने गरी सम्झौता गरेकोमा समितिले यस वर्ष रु.१४६७६००।० को कार्य गरेको विल पेश

गरेको छ । सम्झौता अनुसार उपभोक्ता समितिको साझेदारी हुनुपर्ने रकम रु.३०२१७०।० कट्टी गरेर बाँकी रकम भुक्तानी गर्नुपर्नेमा विल अनुसारको सम्पुर्ण रकम भुक्तानी गरेकोले उपभोक्ता समितिको साझेदारी वापतको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०२,१७० |

९५ **अग्रिम आय कर**

आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समितिमार्फत कम गराउने गरी गरिएको पचास लाख भन्दा बढीको भुक्तानी रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहयबमोजिमको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई पचास लाख भन्दा बढी भुक्तानि गरेको अवस्थामा ऐनमा भएको व्यवस्था अनुसार १.५ प्रतिशत करकट्टी नगरेकोले नपुग कर वापतको रकम रु.५७२२७।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | करकट्टी गर्नुपर्ने रकम | करकट्टी गरेको रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|
| १ | विभिन्न मन्दिर निर्माण (११ वटा) | ७६७७२८६ | ११५१६० | ७५७४६ | ३९४१४ |
| २ | भिन्दारा देखि धारा डाँग हुँदै पिनारा सम्म सडक स्तरोन्नति | ५५८८४७२ | ८३८२७ | ६६०१४ | १७८१३ |
| | जम्मा | | | | ५७२२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२२७ |

९६ **उपभोक्ता समितिबाट सीमा भन्दा बढी कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गर्न सकिने र उक्त लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ । पालिकाले यस वर्ष देहायबमोजिमको सीमा भन्दा बढीको निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । खरिद नियमावलीमा भएको व्यवस्था विपरित तोकीएको सीमा भन्दा बढीको खरिद कार्य गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | उपभोक्ता समिति | कार्यालयको लागत अनुमान | मु.अ.कर, ओभरहेड समेत समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|---|
| १ | भिन्दरा देखि धारा डाँग हुँदै पिनरा सम्म सडक स्तरोन्नती उ.स. | ८०३०१९९ | १०४३५२४३ |
| २ | खालिवान राँगा बाचोलो दागिना मन्दिर उ.स. (विभिन्न ११ वटा मन्दिर निर्माण) | ९९९६९४७ | १२९९१०३३ |

९७ **लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष देहायबमोजिमको निर्माण कार्यको रकम भुक्तानी गर्दा खरिद ऐन तथा निमायवलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार नगरेको तथा सोही अनुसार निर्माण सम्पन्न पश्चात नापी किताब, कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरेको देखिएन । सोझै निर्माण कार्यको सामाग्री खरिदको विल भर्पाइ र डोर हाजिरीको आधारमा खरिद सम्झौता, लागत अनुमान तथा कार्यस्वीकार प्रतिवेदन संलग्न नगरी भुक्तानी गरेका निर्माण कार्यको खर्च भएको देखिने नापी किताब र कार्यस्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौचर नं. | योजनाको नाम | भुक्तानी लिनेको नाम | काम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २५-६।२० | करेलीकाँडा नयाँ चिथुम निर्माण त्रिपुरा न.पा. १ आ.व. २०७९।८० दायित्व | | चिथुन निर्माण | १९०००० | सोझै कार्य |
| ५८-७।१२ | विपद व्यवस्थापन | न्यु इरा कन्स्ट्रक्सन | वडा नं. ७ देखि ८ सम्म सडक सफा गर्ने कार्य | २८९२८० | ६४ घण्टा रु.४००० दरले डोजर चलेको |
| | जम्मा | | | ४७९२८० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७९,२८० |

९८ **बढि भुक्तानी** (५०-2081-06-22):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्बन्धित विभागिय नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कार्यक्रमबाट रुम गाउँदेखि रसिगाउँसम्म सडक मर्मत कार्यको लागि गत वर्षको दायित्व यस वर्ष भुक्तानी गर्दा संलग्न नापी किताब अनुसार Road Clearance and Landslide clearing कार्य ४४०८ घ.मी. कार्य गरेको उल्लेख गरी प्रति घ.मी. रु.१६२।३५ का दरले रकम भुक्तानी गरेको छ । सडक विभागबाट जारी भएको सडक तथा पुल निर्माण सम्बन्धि विभागि नर्म्सतथा अन्य योजनामा कार्यालयबाट प्रयोग गरेको दररेट अनुसार पहिरो पन्छाउने कार्यको लागि यस जिल्लाको जिल्ला दररेट अनुसार प्रति घ.मि. रु.९२.३६ मात्र हुने देखिन्छ । अत स्वीकृत विभागिय नर्म्स अनुसार भन्दा बढी दरमा रकम भुक्ताना भएको रकम रु.३०८५१६।० मा उपभोक्ता समितिको योगदान बाहेकको रकम रु.२४६८१३।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६,८१३ |

९९ **सुरक्षित नागरिक आवास कार्यक्रम**

९९.१ **कार्यविधिको पालना -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ४ को आधारमा लाभग्राही छनौट गर्ने तथा छनौट भएका लाभग्राहीलाई बुँदा नं.५ बमोजिम बैँक खाता खोल्न लगाई बैँक खातामा दुई किस्ता रकम निकाशा गर्नुपर्ने उल्लेख छ । त्यस्तै प्रथम किस्ता रकम उपलब्ध गराएपश्चात सम्पुर्ण कार्य सम्पन्न गरेको अनुसुची - ३ बमोजिमको प्राविधिक प्रतिवेदनको आधारमा दोस्रो किस्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाले संघीय शसर्त अनुदानबाट प्राप्त रकम मध्ये बोलपत्र विधिबाट रु.१७८१०३०।७६ को र सोझै विधिबाट रु.८८५२१९ समेत जम्मा रु.२६६६२४९।७६ को २०२ वण्डल जस्ता पाता, ४२ वण्डल प्लेन पाता र १०६ केजी किला खरिद गरेको छ । यसरी खरिद गरेको जस्ता पाता लगाएतका सामाग्री नगर कार्यपालिकाको मिति २०८१ फागुन २५ को निर्णयानुसार वडा अध्यक्ष र नगरप्रमुखको सिफारिस बमोजिम प्रतिव्यक्ति २८ पाताका दरले ७५ जनालाई वितरण गरेको भर्पाई राखेको छ । कार्यविधिमा उल्लेख भएको लाभग्राही छनौटको आधार, लाभग्राहीको नाममा निकासा, प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन नै संलग्न नगरी एकमुष्ट रुपमा भर्पाई राखी रकम खर्च गर्नु नियसम्मत देखिएन । अत कार्यविधिमा उल्लेख भएको कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी उक्त खर्चलाई नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,६६,२४९.७६ |

९९.२ **बढी व्ययभार**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२४** को निर्णयले रू **२८६,४२२.१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

१०० **विविध खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा अनुसुची १ अनुसारको लागत अनुमान तयार गर्ने र भुक्तानी गर्दा नियम १२३ अनुसार प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमको निर्माण कार्यमा नियमावलीमा भएको व्यवस्था विपरित सम्पूर्ण खर्च भुक्तानी गरेको अवस्थामा Miscellaneous खर्च भनि थप भुक्तानी गरेको रकम रु.११८०००।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| भौ.नं. | कार्यक्रम | कुल भुक्तानी | Miscellaneous खर्च भुक्तानी |
|---|---|---|---|
| ३१८-३।१९ | सुँ ज्यु खानेपानी योजना मर्मत | २८३७५६ | १८००० |
| ३३३-३।२२ | जलधारा निर्माण | २५७६५५७ | १००००० |
| | जम्मा | | ११८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८,००० |

१०१ **१ नं. वडा किसान लक्षित दाते ओखर विरुवा खरिद**

भौचर नंबर २२४ मति २०८१।१२।२६, कार्यालयले १ नं. वडा किसान लक्षित कार्यक्रम अन्तर्गत दाते ओखर विरुवा खरिद कार्यकको लागि संयुक्त कृषि तथा पशुपंक्षि पालन फर्मलाई रु.१०१२५००।० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

१०१.१ **जमानत नराखेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(६) मा सिलबन्दी दरभाउपत्र मार्फत खरिद कार्य गर्दा लागत अनुमानको २ देखि ३ प्रतिशत सम्म बोलपत्र जमानत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष दाते ओखर विरुवा खरिद कार्य सिलवन्दी दरभाउपत्र विधिबाट खरिद गर्नको लागि रु.१८०००००।० लागत अनुमान तयार गरी १५ दिने सुचना प्रकाशन गरी खरिद कार्य गरेको देखिन्छ । उक्त सुचना अनुसार कार्यालयले सिलवन्दी दरभाउपत्रको वोलपत्र जमानत माग नगरी सोझै प्रस्ताव माग गरी खरिद कार्य गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था अनुसार शिलबन्दी दरभाउपत्र जमानत राखेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

१०१.२ **बढी व्ययभार** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा खरिद कार्यको लागि छनौट भए पश्चात तोकीएबमोजिमको कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्न आउनु पर्ने तथा नआएमा जमानत जफत गरी दोस्रो वोलपत्रदातासँग सम्झौता गरी खरिद गर्न सकिने तर ऐनको दफा ६३ मा यसरी सम्झौता गर्न नआउने वोलपत्रदातालाई कालोसुचिमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले दाते ओखर विरुवा खरिद कार्यको लागि सारभुत रुपमा प्रभावग्राही देखिएका आपूर्तक मध्ये सवैभन्दा कम कबोल गर्ने जगदुल्ला नर्सरी तथा पोल्ट्रि फर्म (कवोल अंक रु.९०००००) सम्झौता गर्न नआएको जनाइ सोझै दोस्रो कम कबोल गर्ने संयुक्त कृषि तथा पशुपंक्षि पालन फर्मसँग रु.१०१२५००।० मा खरिद सम्झौता गरेको छ । दरभाउपत्र आव्हान गर्दा जमानत माग नगरेको कारण जमानत जफत नगरेको तथा कालोसुचीमा राख्ने प्रक्रिया पुरा नगरी सोझै दोस्रो वोलपत्रदातासँग सम्झौता गरी खरिद गर्दा पालिकालाई रु.११२५००।० बढी व्यायभार परेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,१२,५०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा , त्रिपुरासुन्दरी नगरपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हिराचन्द्र धराला | २०८१-१-३० | २०८१-११-१५ |
| कार्यालय प्रमुख | भिम बहादुर थापा | २०८०-१०-०१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मानिन्दर बोहरा | २०८१-११-१९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,७७७,७८०.९७ | ८,५७०,३६५.१८ | ९,७७२,२६१.७६ | ० | ० | ७,२००,४०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २९,३२०,८०७.९१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २८६,४२२.१८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २९,०३४,३८५.७३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७३६९६२७.०८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५८७४९३५२.३ | चालु खर्च | ३२९२५७३८६.९३ |
| प्रदेश सरकारबाट अनुदान | ४४०२८५६२ | पूँजीगत खर्च | १५०९२०७४५.७८ |
| राजश्व बाँडफाँट | ७६८६३५१७.२८ | वित्तीय/अन्य व्यवस्था | ६१७८०६८४ |
| आन्तरिक आय | ३०१३८४६.०४ | | |
| अन्य आय | ५७८७४०७६ | | |
| कुल आय | ५४०५२९३५३.६२ | कुल खर्च | ५४१९५८८१६.७१ |
| बाँकी मौज्दात | | ५९४०१६३.९९ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ७,५९,२९,३७३.८० | ० | ७,५९,२९,३७३.८० | ७,४८,३९,६८१.८६ | ० | ७,४८,३९,६८१.८६ |
| १३००० | अनुदान | ३९,०८,५२,७५८.६० | १,१९,२५,१६५.७० | ४०,२७,७७,९२४.३० | ३५,८०,९१,८७८.३९ | २,४२,१२,९३४.८४ | ३८,२३,०४,८१३.२३ |
| १४००० | अन्य राजस्व | ३८,९४,५७९.५२ | ० | ३८,९४,५७९.५२ | ३८,३६,३२९.३२ | ० | ३८,३६,३२९.३२ |
| १५००० | विविध प्राप्ति | ५३,४००.०० | ० | ५३,४००.०० | ४,६६,१७०.०० | ० | ४,६६,१७०.०० |
| क | कुल जम्मा प्राप्ति | ४७,०७,३०,१११.९२ | १,१९,२५,१६५.७० | ४८,२६,५५,२७७.६२ | ४३,७२,३४,०५९.५७ | २,४२,१२,९३४.८४ | ४६,१४,४६,९९४.४१ |
| ३ | चालु | ३२,२५,३१,७२६.२३ | ६७,२५,६६०.७० | ३२,९२,५७,३८६.९३ | ३२,७३,१६,४१४.२५ | ८७,५०,९७८.५९ | ३३,६०,६७,३९२.८४ |
| २१००० | पारिश्रमिक / सुविधा | १९,७३,९२,९३१.२६ | ० | १९,७३,९२,९३१.२६ | २१,०४,०९,३४९.९३ | ३५,१४,३९९.०९ | २१,३९,२३,७४९.०२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,१८,९६,३४१.९७ | ६७,२५,६६०.७० | ८,८६,२२,००२.६७ | ८,४३,४३,६४८.३२ | ४८,२४,०४५.०० | ८,९१,६७,६९३.३२ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ८,३८,०७४.०० | ० | ८,३८,०७४.०० | ० | ० | ० |
| २५००० | सहायता (Subsidy) | २,२८,९०,००९.०० | ० | २,२८,९०,००९.०० | २,३०,१७,६६७.०० | ० | २,३०,१७,६६७.०० |
| २६००० | अनुदान | ५१,२०,३२४.०० | ० | ५१,२०,३२४.०० | १९,६३,६१९.०० | ० | १९,६३,६१९.०० |
| २७००० | सामाजिक सुरक्षा | १,०१,२५,२२१.०० | ० | १,०१,२५,२२१.०० | ६१,२२,१३०.०० | ४,१२,५३४.५० | ६५,३४,६६४.५० |
| २८००० | अन्य खर्च | ४२,६८,८२५.०० | ० | ४२,६८,८२५.०० | १४,६०,०००.०० | ० | १४,६०,०००.०० |
| ४ | पूंजीगत | १४,५७,२१,२४०.७८ | ५१,९९,५०५.०० | १५,०९,२०,७४५.७८ | १०,८१,१७,३५६.०० | १,५४,६४,१३३.०० | १२,३५,८१,४८९.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१११० | भवन तथा संरचना | ४,८९,६८,६५८.५२ | ० | ४,८९,६८,६५८.५२ | १,३७,७२,६१५.३७ | ० | १,३७,७२,६१५.३७ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ८१,१४,७२८.०० | ० | ८१,१४,७२८.०० | १,४२,४२,२५४.०० | ० | १,४२,४२,२५४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ५६,९३,०७८.९३ | ० | ५६,९३,०७८.९३ | २५,३५,४००.०० | ० | २५,३५,४००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,९८,५६,०३७.३३ | ५१,९९,५०५.०० | ८,५०,५५,५४२.३३ | ७,७५,६७,०८६.६३ | १,५४,६४,१३३.०० | ९,३०,३१,२१९.६३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १०,७७,८७१.०० | ० | १०,७७,८७१.०० | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | २०,१०,८६७.०० | ० | २०,१०,८६७.०० | ० | ० | ० |
| ५ | वित्तीय | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४६,८२,५२,९६७.०१ | १,१९,२५,१६५.७० | ४८,०१,७८,१३२.७१ | ४३,५४,३३,७७०.२५ | २,४२,१५,१११.५९ | ४५,९६,४८,८८१.८४ |
| ग) | बचत /कमी (ग = क-ख ) | २४,७७,१४४.९१ | | २४,७७,१४४.९१ | १८,००,२८९.३२ | -२,१७६.७५ | १७,९८,११२.५७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | -३९,५५,७६०.०० | | -३९,५५,७६०.०० | ८,४३,९९१.०० | | ८,४३,९९१.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला | -४९,१५२.०० | | -४९,१५२.०० | -३,०२,२२९.७५ | | -३,०२,२२९.७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्न बाकी | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -१४,७८,६१५.०९ | | -१४,७८,६१५.०९ | २६,४४,२८०.३२ | -२,१७६.७५ | २६,४२,१०३.५७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७३,६९,६२७.०८ | | ७३,६९,६२७.०८ | १४,६०,१४६.६८ | | १४,६०,१४६.६८ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५८,९१,०११.९९ | | ५८,९१,०११.९९ | ४१,०४,४२७.०० | -२,१७६.७५ | ४१,०२,२५०.२५ |

## बेरूजु दफा २७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालु आ. व. | | गत आ. व.सम्मको | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
| | | | | | रकम | | रकम | |
| १ | पदाधिकारी | | | | | | | |
| १ | ५२ | जनप्रतिनिधिहरुको अनुगमन तथा भ्रमण खर्च | देवि घर्ति | उप प्रमुख | ० | ० | ४५,०००.०० | ४५,०००.०० |
| २ | ४१७ | न्यायिक निरुपोण अध्यायन भम्रण पोखरा महानगरपालिका | ज्ञान बहादुर बुढा | वडा सदस्य | ० | ५०,०००.०० | ० | ५०,०००.०० |
| ३ | ५६९ | जनप्रतिनिधिक अनुगमण | देवि घर्ति | उप प्रमुख | ० | २०,०००.०० | ० | २०,०००.०० |
| जम्मा | | | | | ० | ७०,०००.०० | ४५,०००.०० | १,१५,०००.०० |
| २ | कर्मचारी | | | | | | | |
| १ | ५२ | सवारी साधान मर्मत | रुप चन्द्र बढा | लेखापाल | ० | ० | ८०,०००.०० | ८०,०००.०० |
| २ | १०३ | नश्ल सुधार कार्यक्रम राँगो याक बोका थुमा | माया रोकाया | पशु सेवा प्राविधिक | ० | ० | ४,५०,०००.०० | ४,५०,०००.०० |
| ३ | ५५ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | रुप चन्द्र बढा | लेखापाल | ० | ० | १,६०,०००.०० | १,६०,०००.०० |
| ४ | ५७ | ११ वडा कार्यालयकोलागी मोटर साईकल खरिद | रमेश वि.सी. | सहायक पाँचौ | ० | १,१६,०००.०० | ० | १,१६,०००.०० |
| ५ | २४३ | मसलन्द तथा कार्यालय सामाग्री | दिपेन्द्र बडुवाल | सहायक पाँचौ | ० | ० | ५०,०००.०० | ५०,०००.०० |
| ६ | ११३३ | मसलन्द तथा कार्यालय सामाग्री | विश्वरुप बुढा | कार्यालय सहायक | ० | ० | १,५०,०००.०० | १,५०,०००.०० |
| ७ | ११३१ | अन्य कार्यालय संचालन खर्च | लक्ष्मीलाल थापा | बरिष्ठ सहायक | ० | ० | ४,००,०००.०० | ४,००,०००.०० |
| जम्मा | | | | | ० | १,१६,०००.०० | १२,९०,०००.०० | १४,०६,०००.०० |
| ३ | ठेकेदार | | | | | | | |
| १ | १०३ | नगर भवन निर्माण समपुरक तर्फ | तामाकोशी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.ली. | प्रतिनिधि | ० | ० | २०,००,०००.०० | २०,००,०००.०० |
| जम्मा | | | | | ० | ० | २०,००,०००.०० | २०,००,०००.०० |
| ४ | संस्थागत | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५२ | मेयरसग जन्ता कार्यक्रम | नन्द स्मृति प्रतिष्ठान | | ० | ० | १,५६,७५०.०० | १,५६,७५०.०० |
| २ | ५२ | मेयरसग जन्ता कार्यक्रम | नर्काली फलफुल तथा पशुपालन फर्म | | ० | ० | १,००,०००.०० | १,००,०००.०० |
| ३ | ५२ | सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाका लागि समपुरक कोष | भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सर्भिसेस् प्रा.लि. | | ० | ० | १,६५,०००.०० | १,६५,०००.०० |
| ४ | ५२ | श्री प्रकाश आवि व्यवस्थापन खर्च | श्री प्रकाश आधारभुत विद्यालय | | ० | ० | १,७१,०००.०० | १,७१,०००.०० |
| ५ | ५२ | मेयरसग जन्ता कार्यक्रम | सृष्टि निर्माण सेवा | | ० | ० | ५,००,०००.०० | ५,००,०००.०० |
| ६ | १०३ | नगरपालिका एम्बुलेन्स खरिद | अन्नी एनकपरेर्टे | | ० | ० | १०,९५,१८३.०० | १०,९५,१८३.०० |
| ७ | १०३ | रसि टावर विधुत लाइन विस्तार | आँखे खोला मिनि हाईड्रो ७५० कि.वा. निर्माण उपसमिति | | ० | ० | ५,००,०००.०० | ५,००,०००.०० |
| ८ | १०३ | नेपाल टेलिकम टावर स्थापना | जे.बि.जि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | | ० | ० | ३,००,०००.०० | ३,००,०००.०० |
| ९ | १०३ | सिचाइ कुलो निर्माण | नेपाल बैक लिमिटेड | | ० | ० | २,७९,०१५.०० | २,७९,०१५.०० |
| १० | १०३ | धौलागिरी आ.वि.१ कोठा निर्माण | श्री धौलागिरी आधारभुत विद्यालय | | ० | ० | १,६५,०००.०० | १,६५,०००.०० |
| ११ | १०३ | पूर्वाधार विकासमा समपुरक अनुदान | श्री महादेव बाख्रापालन कृषक समुह | | ० | ० | ३,००,०००.०० | ३,००,०००.०० |
| १२ | १०३ | नेपाल टेलिकम स्थापना | सृष्टि निर्माण सेवा | | ० | ० | ३,००,०००.०० | ३,००,०००.०० |
| १३ | १०३ | गैर आवासीय भवन निर्माण/ खरिद | सिम्पुक्याल्मु महाकाल गुम्वा भान्सा तथा शौचालय निर्माण उपभोक्ता समिति | | ० | ० | १,६५,०००.०० | १,६५,०००.०० |
| जम्मा | | | | | ० | ० | ४१,९६,९४८.०० | ४१,९६,९४८.०० |
| ५ | उपभोक्ता समिति | | | | | | | |
| १ | ५२ | मेयरसग जन्ता कार्यक्रम | कोइरे पथरा तडवन्धन उस | | ० | ० | २,११,६१२.०० | २,११,६१२.०० |
| २ | ५२ | मेयरसग जन्ता कार्यक्रम | भेत्ती तटबन्धन निर्माण उपभोक्ता समिति | | ० | ० | १,१४,०००.०० | १,१४,०००.०० |
| ३ | १०३ | अन्य सार्वजनिक निर्माण | ओतारी देवता मन्दिर निर्माण उपभोक्ता समिति | अध्यक्ष | ० | ० | १,३०,३५०.०० | १,३०,३५०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | १०३ | कुटानि पिसानि पेलानि मेसिन स्थापन | आधुनिक पाइप घट्ट निर्माण उपभोक्ता समिति | | ० | ० | ६६,०००.०० | ६६,०००.०० |
| ५ | १०३ | औतारी आधारभुत विद्यालय पूर्वाधार विकास कार्यक्रम | औतारी आ.वि. घेरावार निर्माण उस | | ० | ० | २,७६,०००.०० | २,७६,०००.०० |
| ६ | १०३ | सिंचा ्इ संरचना निर्माण | कलसा देखि पाल्चेखोला सिचाइ निर्माण उपभोक्ता समिति | | ० | ० | २,१९,४५०.०० | २,१९,४५०.०० |
| ७ | १०३ | अन्य सार्वजनिक निर्माण | कैलाश मन्दिर निर्माण उपभोक्ता समिति | | ० | ० | १,६२,३६०.०० | १,६२,३६०.०० |
| ८ | १०३ | अन्य सार्वजनिक निर्माण | कालजुर देखि खोला सम्मको मोटरबाटो निर्माण उभोस | | ० | ० | ६,१०,५००.०० | ६,१०,५००.०० |
| ९ | १०३ | अन्य सार्वजनिक निर्माण | गुरुवा थान मन्दिर निर्माण उपभोक्ता समिति | अध्यक्ष | ० | ० | ४२,९००.०० | ४२,९००.०० |
| १० | १०३ | वडा न १ बजेट | गल्लि करेलीकाँडाँ सडक खण्डमा आार सि सल्याब तथा कुलो निर्माण उपभोक्ता समिति | | ० | ० | ३,३०,०००.०० | ३,३०,०००.०० |
| ११ | १०३ | अन्य सार्वजनिक निर्माण | गावो खोला देखि गाउँ सम्मा ढुगाँ विछाउने उपभोक्ता समिति | | ० | ० | १,८८,१००.०० | १,८८,१००.०० |
| १२ | १०३ | तटबन्ध तथा बाँधनिर्माण | घ्याङ्बारी तटबन्धन निर्माण उपभोक्ता समिति | | ० | ० | ४७,०२५.०० | ४७,०२५.०० |
| १३ | १०३ | अन्य सार्वजनिक निर्माण | घर माथि देखि स्कुल माथि बाटो सम्म पर्खाल निर्माण उपभोक्ता समिति | | ० | ० | १,२८,७००.०० | १,२८,७००.०० |
| १४ | १०३ | अन्य सार्वजनिक निर्माण | घर माथि देखि ढामडिक सम्म पर्खाल निर्माण उपभोक्ता समिति | | ० | ० | १,२८,७००.०० | १,२८,७००.०० |
| १५ | १०३ | अन्य सार्वजनिक निर्माण | जनप्रिय आवि घेरावार निर्माण उपभोक्ता समिति | | ० | ० | १,६५,०००.०० | १,६५,०००.०० |
| १६ | १०३ | मेयरसग जन्ता कार्यक्रम | ज्योति आ.वि. ढलान तथा घेराबार निर्माण | | ० | ० | २,१९,४५०.०० | २,१९,४५०.०० |
| १७ | १०३ | अन्य सार्वजनिक निर्माण | ढुम्ढीका बाट घट्ट सम्म पर्खाल घेरावार निर्माण उपभोक्ता समिति | | ० | ० | १,३०,३५०.०० | १,३०,३५०.०० |
| १८ | १०३ | खानेपानी संरचना निर्माण | तल्लो घट्को घटेखोला स्यालतडी हुदै सुपानी सम्म खानेपानी निमार्ण उपभोक्ता समिति डोल्पा | अध्यक्ष | ० | ० | ४,५७,०००.०० | ४,५७,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | १०३ | अन्य सार्वजनिक निर्माण | थर्पु हुदै खारा सम्म घो वा निर्माण उपभोक्ता समिति | | ० | ० | १,३२,०००.०० | १,३२,०००.०० |
| २० | १०३ | अन्य सार्वजनिक निर्माण | देवकोटावाडा सिचाइ क्रमागत निर्माण उपभोक्ता समिति | | ० | ० | ६६,०००.०० | ६६,०००.०० |
| २१ | १०३ | पूर्वाधार विकासमा समपुरक अनुदान | नगर प्रशासनिक भवन व्यवस्थापन समिति उस | | ० | ० | ६,००,०००.०० | ६,००,०००.०० |
| २२ | १०३ | अन्य सार्वजनिक निर्माण | नारायणदेउ मन्दिर निर्माण उपभोक्ता समिति | | ० | ० | ४९,५००.०० | ४९,५००.०० |
| २३ | १०३ | अन्य सार्वजनिक निर्माण | प्रकाश आवि खेल मैदान निर्माण ाउपभोक्ता समिति | | ० | ० | १,६५,०००.०० | १,६५,०००.०० |
| २४ | १०३ | अन्य सार्वजनिक निर्माण | प्रकाश आवि घेरावार निर्माण उपभोक्ता समिति | | ० | ० | १,०९,७२५.०० | १,०९,७२५.०० |
| २५ | १०३ | अन्य सार्वजनिक निर्माण | प्रकाश आवि सरस्वति मन्दिर निर्माण उपभोक्ता समिति | | ० | ० | ९४,०५०.०० | ९४,०५०.०० |
| २६ | १०३ | अन्य सार्वजनिक निर्माण | पिनारा देखि धारा सम्म सिचाइ कुलो निर्माण उपभोक्ता समिति | अध्यक्ष | ० | ० | २,१४,५००.०० | २,१४,५००.०० |
| २७ | १०३ | अन्य सार्वजनिक निर्माण | बाविरो मष्टा मन्दिर निर्माण उपोक्ता समिति | | ० | ० | ९९,०००.०० | ९९,०००.०० |
| २८ | १०३ | भेडीकान देखि सुँ सम्म खानेपानी निर्माण | भेडीकन खानेपानी ३ वडा सुँ | अध्यक्ष | ० | ० | २,३१,२५०.०० | २,३१,२५०.०० |
| २९ | १०३ | भयार थान मन्दिर निर्माण | भयार थान घेरवार निर्माण उपभोक्ता समिति | | ० | ० | ९४,०५०.०० | ९४,०५०.०० |
| ३० | १०३ | सडक तथा पूल निर्माण | मेलतली देखि बलेग्रा सम्म मोटरबाटो निर्माण उपभोक्ता समिति | | ० | ० | १,८८,१००.०० | १,८८,१००.०० |
| ३१ | १०३ | अन्य सार्वजनिक निर्माण | महादेव मन्दिर घेरावार निर्माण उ स | | ० | ० | ३,१३,५००.०० | ३,१३,५००.०० |
| ३२ | १०३ | अन्य सार्वजनिक निर्माण | महादेव मन्दिर घेरावार निर्माण उपभोक्ता समिति | | ० | ० | ३,१३,५००.०० | ३,१३,५००.०० |
| ३३ | १०३ | खानेपानी संरचना निर्माण | रसि गाउँ गुब्वा हुदै बयलडाँड खानेपानी नि।ृमाण उपभोक्ता समिति | | ० | ० | २,८२,१५०.०० | २,८२,१५०.०० |
| ३४ | १०३ | गैर आवासीय भवन निर्माण/ | लघु काष्ठ उद्योग भवन निर्माण | | ० | ० | २,८८,५००.०० | २,८८,५००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खरिद | उपभोक्ता समिति | | | | | |
| ३५ | १०३ | ल्हाँ गाउँबाट देउराली थान सम्म घोरेटो बाटो निर्माण | ल्हाँ गाउँबाट देउराली थान सम्म घोरेटो बाटो निर्माण उ.भो.स. | | ० | ० | १,२९,८८८.०० | १,२९,८८८.०० |
| ३६ | १०३ | शेरगाउँ घट्ट निर्माण | शेरगाउँ घट्ट निर्माण उपभोक्ता समिति | अध्यक्ष | ० | ० | ३३,०००.०० | ३३,०००.०० |
| ३७ | १०३ | अन्य सार्वजनिक निर्माण | शाहिलावाडा तटबान्धन निर्माण उपभोक्ता समिति | | ० | ० | २,५९,४६२.०० | २,५९,४६२.०० |
| ३८ | १०३ | अन्य सार्वजनिक निर्माण विविध समानिकरण | सहिनी खोला अगुरु खेती पकेट क्षेत्र घेराबार निर्माण उपभोक्ता समिति | अध्यक्ष | ० | ० | १,००,०००.०० | १,००,०००.०० |
| ३९ | १०३ | अन्य सार्वजनिक निर्माण | सामुदायिक स्वस्थ्य चौकी घेरावार निर्माण उपभोङ्क्ता समिति | | ० | ० | १,६५,०००.०० | १,६५,०००.०० |
| ४० | १०३ | अन्य सार्वजनिक निर्माण | हुम कंञ्चचन जंघा आ वि घेरवार निर्माण उपभोक्ता समिति | | ० | ० | १,४८,५००.०० | १,४८,५००.०० |
| ४१ | १०३ | मेयरसग जन्ता कार्यक्रम | हेमराज हमाल स्मृति प्रवेशद्वार निर्माण उपभोक्ता समिति | | ० | ० | १,५२,६२५.०० | १,५२,६२५.०० |
| ४२ | ५ | किम्ली खेत देखि खोपु जिउला अंगुर खेत सम्म मोटरबाटो निर्माण | किम्लि खेत देखि खोपु ज्युला अंगुर खेत सम्म मोटर बाटो निर्माण उस | | ० | ७,००,०००.०० | ० | ७,००,०००.०० |
| ४३ | ८ | रह्मी सुशिल चन्द्र चुलादराज उद्योग स्तरोन्नती तथा पूर्वाधार निर्माण तथा सामुदायिक भवन निर्माण | रह्मी शुसिल चन्द्र दराज उद्योग स्तरउन्ति तथा पुवार्धार निर्माण तथा सामुदायिक भवन निर्माण उपभोक्ता समिति | उपभोक्ता समिति अध्यक्ष | ० | ११,५२,०००.०० | ० | ११,५२,०००.०० |
| ४४ | ९ | कुमारीकोट बगर कृषि फलफुल तरकारी रैथाने वाली घेरावार तथा पूर्वाधार निर्माण | कुमारीकोट बगर कृषि फलफुल तरकारी रैथाने बाली घेरावार तथा पूर्वाधार विकास निमार्ण उपभोक्ता समिति | | ० | ९,५०,४००.०० | ० | ९,५०,४००.०० |
| ४५ | ११ | जोगिना खोर घेरावार तथा पूर्वाधार निर्माण | जोगिना खोर घेरवार तथा पूर्वाधार निर्माण उपभोक्ता समिति | | ० | ८,६४,०००.०० | ० | ८,६४,०००.०० |
| ४६ | १४ | डोल्पा जिल्ला त्रिपुरासुन्दरी न.पा. स्थित बाटोमाथी ठाक्चौर घेरावार पूर्वाधार निर्माण कार्य , रुम बनकाली तथा कोट सेजलकाडाँ घेराबार पूर्वाधार | ठाक्चौर बनकाली सेजलकाँडा साउदबिसानी घेराबार पूर्वाधार निर्माण उस | | ० | २४,४८,०००.०० | ० | २४,४८,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण कार्य, कोट साउदविसाउने घेराबार पूर्वाधार निर्माण कार्य | | | | | | |
| ४७ | ६ | हरियालि पानी पालङ माझपाल हुदै रुकुम सडक निर्माण त्रि.सु.न.पा. वडा नं. ६ | हरियाली पानी पालङ माझपाल हुदै रुकुम सडक निर्माण त्रि.सु.न.पा. वडा नं. ६ | | ० | ७,२०,०००.०० | ० | ७,२०,०००.०० |
| जम्मा | | | | | ० | ६८,३४,४००.०० | ७८५६७९७ | १,४६,९१,१९७.०० |
| ६ | व्यक्तिगत | | | | | | | |
| १ | ५२ | वडाकार्यालय संचालन तथ चिया खाजा | अमर ब बस्नेत | | ० | ० | २,५०,०००.०० | २,५०,०००.०० |
| २ | ५२ | अन्य कार्यालय संचालन खर्च | देविकृष्ण उपाध्याय | | ० | ० | ५०,०००.०० | ५०,०००.०० |
| ३ | १०३ | एफ एम सन्चालन | मिना बुढा | | ० | ० | १,००,०००.०० | १,००,०००.०० |
| ४ | १०३ | समपुरक अनुदान | रञ्जित बुढा | | ० | ० | ३,००,०००.०० | ३,००,०००.०० |
| ५ | १२२ | युवा खेलकुद कार्यक्रम | अमर बहादुर बस्नेत | | ० | ९०,०००.०० | ० | ९०,०००.०० |
| ६ | १२२ | युवा खेलकुद कार्यक्रम | अमर बहादुर बस्नेत | | ० | ९०,०००.०० | ० | ९०,०००.०० |
| जम्मा | | | | | ० | १,८०,०००.०० | ७००००० | ८,८०,०००.०० |
| कुल जम्मा | | | | | ० | ७२,००,४००.०० | १,६०,८८,७४५.०० | २,३२,८९,१४५.०० |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।